# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक १८१ | काठमाडौं | बिहीबार, ०८ कात्तिक २०८१ | Prabhab National Daily | Thursday, October 24, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**जुवातास खेल्नु र खेलाउनु कानुनी अपराध हो**

जुवातास खेले वा खेलाएमा, मुलुकी अपराध संहिता २०७४ को दफा १२५ मा-


- पहिलोपटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीसहजारसम्म जरिबाना,
- दोश्रोपटकमा एक वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना,
- त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना,
- जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पत्ति जफत हुनेलगायतका कानुनी व्यवस्था छ ।

त्यसैले जुवातास नखेलौं, नखेलाऔं, कानुनी कार्वाहीबाट बचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


अध्यादेशको त्रास

# राष्ट्रपति गुहार्न पुगे प्रतिपक्षी दल



राष्ट्रपति भवन शीतल निवासमा बुधबार राष्ट्रपति रामचन्द्र पौडेललाई भेट्न पुगेका प्रतिपक्षी दलका नेताहरू । *तस्बिर सौजन्य: राष्ट्रपति कार्यालय*

■ जेबी योञ्जन

- सरकारले राजनीतिक दलसम्बन्धी अध्यादेश ल्याउने त्रासमा प्रतिपक्षी दलहरु
- सरकारले अध्यादेश ल्याए रोकिदिन राष्ट्रपतिसमक्ष आग्रह
- प्रधानमन्त्री ओली प्रतिपक्षी दलहरु फुटाउन लागिपरेको आरोप
- कुनै दल फुटाउने मनसाय नभएको ओलीको भनाइ

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले दल विभाजन सजिलो हुनेगरी राजनीतिक दलसम्बन्धी अध्यादेश ल्याउन गरेको तयारीले प्रतिपक्षी दलहरू आत्तिएका छन् । प्रधानमन्त्री ओलीलाई अध्यादेश नल्याउन भन्दै सोमबार ज्ञापनपत्र बुझाएका प्रतिपक्षी नेताहरू बुधबार राष्ट्रपति रामचन्द्र पौडेललाई गुहार्न पुगे । उनीहरूले राष्ट्रपतिलाई भेटेर अध्यादेश आए रोक्न आग्रह गरेका छन् ।

राष्ट्रपति पौडेलसँगको भेटपछि राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का उपाध्यक्ष बुद्धिमान तामाङले संविधान र बहुदलीय प्रणालीलाई ध्वस्त पार्नेगरी आउने अध्यादेश जुनसुकै हालतमा रोक्नुपर्ने भनिएको बताए । यसमा राष्ट्रपति पौडेल सकारात्मक देखिएको उनको भनाइ छ ।

'बहुदलको पक्षमा लड्दा तपाईं (पौडेल)ले पनि जेलनेल भोग्नुभएको छ । त्यसैले यसमाथि धावा बोल्न दिनुहुँदैन । तर, बहुदलीय प्रणालीलाई मास्नेगरी दल फुटाउन सजिलो हुने अध्यादेश प्रमाणित नगर्नुहोला भन्यौं,' उनले प्रभावसँग भने, 'राष्ट्रपतिले चाहिँ तपाईंहरूको कुरा ठिकै हो । नआई त के भन्ने र आओस् न पहिले । आएपछि तपाईंहरूसँग पनि परामर्श लिउँला भन्नुभयो ।'


(क्रमशः पृष्ठ २ मा)

# प्रधानमन्त्री ओलीको प्रगति विवरणमा 'गोलमाल' तथ्यांक

## दरबारमार्गको कन्सर्टदेखि रवि लामिछाने पक्राउसम्म सरकारको उपलब्धि

■ प्रभाव संवाददाता

- संविधान दिवस, दसैंमा घर जान पाएको, सवारीसाधन चलेको विषय सफलताको सूचीमा
- करोड जनता रोजगारीको खोजीमा भौतारिँदा १६५ जनालाई 'स्टार्टअप कर्जा' दिएको विषय प्रगति विवरणमा
- रवि लामिछाने पक्राउको विषयलाई सफलतामा राखेको सरकारले क्यामरालाई होइन, कानुनलाई गुरू मान्ने



**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारको १०० दिने प्रगति विवरणमा चलाखीपूर्वक तथ्यांक प्रस्तुत गरेका छन् । उनले आफू नेतृत्वको सरकारले धेरै काम गरेको देखाउन यस्तो चलाखी अपनाएका हुन् । दरबारमार्गको कन्सर्टदेखि रवि लामिछाने पक्राउसम्मलाई ओली सरकारले आफ्नो उपलब्धिको रूपमा प्रस्तुत गरेको छ ।

अघिल्ला सरकारले प्रगति विवरण सार्वजनिक गर्दा फेहरिस्त प्रस्तुत गर्थे । लामो लामो भाषणबाजी गर्न मन पराउने ओलीले यसपटक भने झण्डै आधा घण्टामै १०० दिनको प्रगति भाषण सकाए । कारण, प्रगति विवरणमा उनले गोलमाल तथ्यांकको प्रयोग गरेका छन् । अघिल्ला सरकारले गरेका काम पनि यसै सरकारले गरेझैं गरी सम्बोधनको सुरूमै ओलीले सय दिनमा २७४ काम सक्ने सूचीमा राखेको दाबी गरे । ती काम के-के थिए ? कुनै सूचीमा छैन, बरु उनले बाढीपहिरोका बाबजुद् पनि १८५ वटा काम सकाएको तर्क गर्न भ्याए ।

'पहिलो सय दिनभित्र सबै मन्त्रालयको गर्ने भनेको कामको संख्या २७४ वटा पुग्यो । तीमध्ये १८५ वटा काम सम्पन्न भएका छन् । अर्थात्, यो सरकारले आफूले गर्छु भनेको करिब ७० प्रतिशत काम सम्पन्न गरेको छ,' बुधबार सय दिने प्रगति विवरण प्रस्तुत गर्दै प्रधानमन्त्री ओलीले भने, 'यदि प्रकृति प्रतिकूल नभइदिएको भए बाँकी ३० प्रतिशत काम पनि यो सरकारले पूरा गर्थ्यो ।' ओलीले यो अवधिभरमा सात हजार १३५ विपद्जन्य दुर्घटना भएको उल्लेख गरे ।

### दरबारमार्गको कन्सर्ट पनि सफलताको सूचीमा

हरेक सरकारले संविधान जारी भएको दिनलाई संविधान दिवसको रूपमा मनाउँदै आएको छ । यसलाई पनि प्रधानमन्त्री ओलीले सफलताको सूचीमा राखेका छन् । दरबारमार्गमा कन्सर्ट आयोजना गरेर संविधान दिवस मनाउन सरकार सफल भएको ओलीको तर्क रह्यो । 'यस वर्षको संविधान दिवसमा पहिलोपटक नेसनल डे कन्सर्ट आयोजना गरियो, जहाँ विभिन्न विधाका कलाकार, नवयुवाहरू र सबै पेसाका प्रतिनिधिहरूले एकसाथ भेला भई संविधान दिवसमा खुसी साट्ने मौका पाए । यसरी, राष्ट्रिय दिवसलाई हामीले जनताको उत्सवको रूपमा परिणत गर्‍यौं,' प्रधानमन्त्री ओलीले सम्बोधनका क्रममा भने ।

### दसैं मनाउन जनता घर गएको पनि सफलता

यसपटक दसैंअघि असोज १०-१२ गतेसम्मको अविरल वर्षाका कारण आएको बाढी र पहिरोबाट बिपी राजमार्ग अवरुद्ध थियो । त्रिभुवन राजमार्गमा त्यस्तै अवरोध आएको थियो । विपद्मा ठूलो धनजनको क्षति हुँदा पनि प्रधानमन्त्री ओली भने अमेरिका भ्रमणमा मस्त थिए ।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भ: वैदेशिक रोजगार

# श्रम सम्झौता नवीकरणका लागि मलेसिया र कोरियालाई पत्राचार

■ प्रभाव संवाददाता




**काठमाडौं–** सरकारले नेपाली कामदार पठाउनेसम्बन्धी श्रम सम्झौता नवीकरणका लागि मलेसिया र दक्षिण कोरियालाई पत्र पठाएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले दुवै मुलुकसँग गरिने श्रम सम्झौता नवीकरणका लागि आवश्यक मस्यौदासहित पत्राचार गरिएको जनाएको छ ।

मलेसियासँग यसअघि नै श्रम सम्झौता नवीकरणका लागि प्रयास भए पनि प्राविधिक कारणले रोकिएको थियो । तर, अहिले अन्तिम तयारीका साथ मस्यौदा निर्माण गरी परराष्ट्र मन्त्रालयमार्फत मलेसिया सरकारलाई पत्राचार गरिएको मन्त्रालयका सहसचिव एवं प्रवक्ता डण्डुराज घिमिरेले बताए । 'हाम्रो तर्फबाट सबै प्रक्रिया पूरा गरेर पत्राचार गरेका छौं, उताबाट जवाफ आइसकेको छैन,' उनले भने, 'उताबाट (मलेसिया) जवाफ आउनासाथ द्विपक्षीय संयुक्त बैठक बसेर नवीकरणको प्रक्रिया अघि बढ्छ ।'

मलेसियासँग भएको सम्झौताअनुसार चार-चार वर्षमा नवीकरण गर्नुपर्ने व्यवस्था छ । मलेसियासँग २०७५ सालमा श्रम सम्झौता भएको थियो । जसअनुसार मलेसियासँग २०७९ सालमै श्रम सम्झौता नवीकरण हुनुपर्ने भए पनि अझैसम्म हुन सकेको छैन । मलेसियाले आप्रवासी कामदारको चाप बढेको भन्दै २०२४ मे ३१ देखि भर्ना प्रक्रिया रोकेको छ । यस्तो अवस्थामा मलेसिया श्रम सम्झौता नवीकरणका लागि तयार हुनेमा आशंका पैदा भएको छ । सम्झौताअनुसार मलेसिया जाने नेपाली श्रमिकको भर्ना शुल्क रोजगारदाताले व्यहोनुपर्ने भए पनि त्यो व्यवस्था कार्यान्वयन हुन सकेको छैन । 'फ्रि भिसा, फ्रि टिकट' कार्यान्वयन हुन नसक्दा नेपाली श्रमिकले अनधिकृतरूपमा चर्को शुल्क तिरेर मलेसिया जानुपर्ने बाध्यता छ । सरकारले गरेको श्रम सम्झौताअनुसार संस्थागत रूपमा (म्यानपावरबाट) नेपाली श्रमिक मलेसिया जाने व्यवस्था छ ।

यस्तै श्रम सम्झौता अनुसार कोरियाको रोजगार अनुमति प्रणाली (इपिएस) नवीकरण गर्ने समय गुज्रिसकेको भन्दै सरकारले नवीकरणका लागि तदारुकता देखाएको छ । 'कोरियासँग इपिएस नवीकरणका लागि रोजगार व्यवस्थापन महाशाखा प्रमुखको संयोजकत्वमा कार्यदल गठन गरेर काम भइरहेको छ,' प्रवक्ता घिमिरेले भने, 'अब द्विपक्षीय संयुक्त बैठक बसेर अन्तिम रूप दिएपछि नवीकरणको प्रक्रिया अघि बढ्छ ।'

कोरियासँग भएको सम्झौता सन् २०२० मा नै सकिए पनि नेपाली श्रमिक भने इपिएसमार्फत जाने कार्य रोकिएको छैन । नेपाल सरकारले इपिएस प्रणालीमार्फत नेपाली श्रमिक पठाउने सम्बन्धमा सन् २००७ मा कोरियासँग श्रम सम्झौता गरेको थियो । सोही सम्झौताअनुसार सरकारले नै नेपाली युवाहरूलाई कोरिया पठाउँदै आएको छ ।

त्यस्तै श्रममन्त्री शरतसिंह भण्डारीले पनि मलेसिया र कोरियासँग भएको श्रम सम्झौता नवीकरण गर्न आवश्यक तयारी गरिएको भन्दै आफ्नो १०० दिने प्रगति विवरणमासमेत उल्लेख गरेका छन् । उनको सयदिने कार्यप्रगति विवरणमा ओमानसँग नयाँ श्रम सम्झौता हुन लागेको र नयाँ गन्तव्य खोज्ने र सुरक्षित रोजगारीका लागि भन्दै पोर्चुगल, टर्की, लेबनान, कुवेत, कतार, स्पेन, ब्रुनाई, पोल्याण्डलगायतका मुलुकसँग पनि श्रम सम्झौताको पहल भइरहेको उल्लेख छ ।

# घरेलु कामदारलाई इमेलबाटै सिफारिस

**काठमाडौं (प्रस)–** घरेलु कामदारको रूपमा ओमन पुगेर काम गरिरहेका नेपालीलाई बिदामा नेपाल आएर ओमान फर्कनका लागि मस्कटस्थित नेपाली दूतावासले सहजीकरण गर्ने भएको छ । यसरी बिदामा नेपाल आएर फर्कनका लागि इमेलबाटै सिफारिस प्राप्त हुनेगरी सहजीकरण गरिएको दूतावासले उल्लेख गरेको छ ।

दूतावासले एक सूचना जारी गर्दै कानुनीरूपमा नेपाल जान आउन पाउने अर्थात् सन् २०२४ सेप्टेम्बर ३० भन्दा अगाडि ओमान आई बिदामा नेपाल गएर पुनः ओमान फर्कनका लागि दूतावासबाट दिइने सिफारिस इमेलबाटै प्राप्त गर्न सकिने बताएको छ । यसका लागि दूतावासमा सम्बन्धित स्पोन्सर (मालिक) र कामदार आइरहन नपर्ने व्यवस्था गरिएको छ । अतः सम्बन्धित स्पोन्सरले आफ्नो आधिकारिक इमेलबाट निम्न कागजपत्रसहित अनुरोध गर्नसक्ने व्यवस्था गरिएको दूतावासले उल्लेख गरेको छ ।

त्यसरी प्राप्त कागजात र इमेलको आधारमा दूतावासबाट प्रमाणित गरी इमेलबाटै आवश्यक सिफारिस पठाइने बताइएको छ । यसको थप जानकारी वा आधिकारिकता पुष्टिका लागि दूतावासले सम्बन्धित व्यक्तिलाई सम्पर्क गर्नसक्ने जनाएको छ ।




पृष्ठ १ बाट क्रमश:

## ओलीको प्रगति...

दसैंमा घर जाने तयारीमा रहेका जनताका लागि निजी क्षेत्र लागेर बिपी राजमार्गमा वैकल्पिक सडक खुल्यो । यद्यपि यसलाई पनि सरकारले आफ्नो सफलताको सूचीमा राखेको छ ।

'यस वर्षको दसैंमा पनि काठमाडौं छोडेर घर फर्कनेको संख्या अघिल्लो वर्षजस्तै करिब आठ लाख १४ हजार २४६ पुग्यो । दसैंमा एक लाख ११ हजार १५४ सवारीसाधन काठमाडौं उपत्यकाबाट बाहिरिए,' प्रधानमन्त्रीले सम्बोधनका क्रममा भने । जबकि, आलोचना बढ्ने डरले प्रधानमन्त्री काठमाडौं छेउछाउसमेत विपद्ग्रस्त क्षेत्रमा अवलोकनमा निस्केनन् ।

### रवि पक्राउ अर्को सफलता

ओली सरकारले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई पक्राउ गर्नु सफलताको सूचीमा राखेको छ । सहकारीको रकम हिनामिना गर्ने ६०० भन्दा बढीलाई कानुनी दायरामा ल्याएको ओलीको दाबी रह्यो ।

'सर्वसाधारणले सहकारीमा जम्मा गरेको रकम अपचलन र ठगी गर्नेहरूलाई सरकारले कानुनी कारबाहीको दायरामा ल्याएको छ । सहकारी ठगी गर्ने व्यक्तिहरूमाथि कानुनी कारबाही सुरु भएको छ,' उनले भने, 'हालसम्म ६०० भन्दा माथिलाई कानुनी कारबाही गरिएको छ, ५७५ भन्दा बढी त जेलमै छन् । सहकारी ठगहरूलाई कारबाही गर्नेमात्र होइन, बचतकर्ताको बचत फिर्ता गर्नका लागि आवश्यक पर्ने सहकारी प्राधिकरण ऐन तर्जुमा गर्ने र सहकारी कर्जा सूचना केन्द्र तथा ऋण असुली न्यायाधीकरण स्थापना गर्ने काम पनि सँगसँगै अघि बढाइँदै छ ।'

रास्वपालाई लक्षित गर्दै ओलीले भ्रष्टाचार नियन्त्रण र सुशासन एकछिनको हल्लाबाजी र सुटिङ गरेर देखाउने विषय बन्न नहुने तर्क गरे । उनले भने, 'भ्रष्टाचार नियन्त्रणमा सरकारले क्यामरालाई होइन, कानुनलाई गुरु मानेको छ । भ्रष्टाचारी समातियो भन्ने केही समय हल्ला मच्चिने, तर परिणाममा भ्रष्टाचार बढ्दै जाने खालको अवस्था होइन । परिणाममा भ्रष्टाचार नियन्त्रण हुने कानुनी प्रणाली स्थापित हुने पद्धति बसाल्ने हाम्रो प्राथमिकता छ ।'

कुनै बेला आफैं 'स्टन्टबाजी' गर्ने र घन्टौं क्यामरा अगाडि बोल्न मन पराउने ओलीको लोकप्रियता अहिले घट्दो छ । अर्को विषय रास्वपा सभापति लामिछाने पक्राउ परे पनि सहकारी ठगी प्रकरणमा मुछिएका नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङ र एमाले सांसद ऋषिकेश पोखरेल अनुसन्धानको घेरामा तानिएका छैनन् ।

### १६५ जनालाई "स्टार्टअप कर्जा"

मुलुकमा बेरोजगारी समस्या बढ्दो छ । लाखौं युवालाई देशमा टिकाउन मुस्किल रहेको बेला ओलीले १६५ जनालाई 'स्टार्टअप कर्जा' दिएको विषयलाई पनि सफलताको सूचीमा अटाएका छन् ।

'यस वर्ष पाँच हजार १५८ जना उद्यमीले स्टार्टअप कर्जाका लागि प्रस्ताव पेस गरेका छन् । प्राप्त प्रस्तावमध्येबाट स्टार्टअप उद्यमी छनोट गरी पुस मसान्तभित्र कर्जा प्रवाह गर्ने तयारी गरिएको छ,' प्रधानमन्त्रीको भनाइ छ ।

### दुईतिहाइको धमास

सरकारले न त दूध किसानको भुक्तानी दिएको छ न त तथ्यांकमा भनेभैं सडक कालोपत्रे गरेको छ । तर पनि दुईतिहाइको धमास देखाउन भने ओलीले छाडेनन् । 'सरकार अहिले ढल्छ, भरे ढल्छ, भोलि बिहानै ढल्छ भन्नेजस्ता अफवाह पनि फैलाउने गरिएको छ,' ओलीले सय दिनको सम्बोधनको अन्त्यतिर भने । कांग्रेस र एमालेजस्ता दुई ठूला दल मिलेर बनेको हुनाले कसैले पनि सरकार ढाल्ने सपना नदेख्न ओलीले चुनौती दिए । 'यो काम गर्न नदिने उद्देश्यले चलाइएको हल्ला हो । कांग्रेस र एमालेजस्ता इतिहास र हैसियत भएका दलहरू मिलेर बनेको सरकार ढल्ने दिवासपना कसैले नदेखे हुन्छ,' ओलीले भने ।

●●●

## राष्ट्रपति गुहार्न...

राष्ट्रपति पौडेललाई भेट्न शीतलनिवासमा नेकपा माओवादी केन्द्रका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल, माओवादी केन्द्रका उपमहासचिव शक्तिबहादुर बस्नेत, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेताहरू शिशिर खनाल र सुमना श्रेष्ठ, राप्रपा नेता बुद्धिमान तामाङ र हेमजंग गुरूङ, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र वरिष्ठ उपाध्यक्ष राजेन्द्र पाण्डे तथा आम जनता पार्टीका नेता तिलक थापा मगर गएका थिए ।

मंगलबार प्रधानमन्त्री ओलीले अध्यादेश ल्याउने तयारी गरेका थिए । उक्त दिन साँझ बस्ने मन्त्रिपरिषद् बैठकमा अध्यादेशको मस्यौता पेस गर्ने चर्चा थियो । अन्तिममा आएर मन्त्रिपरिषद् बैठक नै स्थगित भयो । अध्यादेश आएन । स्रोतका अनुसार प्रमुख सत्ता साझेदार नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाका कारण अध्यादेश रोकिएको हो । उनी दल फुटाउन सजिलो हुनेगरी अध्यादेश ल्याउने पक्षमा छैनन् जसले ओलीको टाउको दुःखेको छ ।

यद्यपि, प्रतिपक्षी दलका नेताहरू कुनै पनि बेला ओलीले अध्यादेश ल्याउने र दलहरू फुटाउनसक्ने भन्दै आतंकित छन् । त्यही भएर गत शुक्रबार बसेको प्रतिपक्षी दलहरूको बैठकले अध्यादेश रोक्न राष्ट्रपति, प्रधानमन्त्री र सभामुखलाई भेटेर आग्रह गर्ने निर्णय गरेको थियो । उक्त निर्णयसँगै उनीहरूले प्रधानमन्त्री ओलीपछि राष्ट्रपति पौडेलसँग भेटेरै अध्यादेशको औचित्य नभएको भन्दै आएका हुन् ।

भेटका क्रममा प्रधानमन्त्री ओलीले कुनै दल फुटाउने मनसाय नभएको बताएका थिए । तर, ओलीको यो भनाइसँग प्रतिपक्षी दलका नेताहरू सहमत छैनन् । कांग्रेस सभापति देउवाले सहमति दिएको दिन अध्यादेश आउने प्रतिपक्षी दलहरूको विश्लेषण छ । अध्यादेश प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय पुगिसकेको स्रोतको भनाइ छ ।

माधवकुमार नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादी फुटाउन प्रधानमन्त्री ओली कांग्रेस सभापति देउवालाई मनाएर अध्यादेश ल्याउन खोजिरहेको स्रोतको दाबी छ । सोही कारण उक्त दलका नेताहरूले यसअघि नै देउवासँग भेटवार्ता गरेर अध्यादेश रोक्न आग्रह गरिसकेका छन् । अध्यादेशबारे आइतबार प्रधानमन्त्री ओली र सभापति देउवाबीच छलफल भएको थियो । त्यसपछि एमालेले पार्टीभित्रसमेत छलफल गरेको थियो । तर, देउवा सकारात्मक नहुँदा तत्कालका लागि अध्यादेश टरेको छ । यति हुँदा पनि प्रतिपक्षी दलहरूमा अध्यादेश आतंक कायमै छ ।

हाल प्रचलित राजनीतिक दलसम्बन्धी ऐनअनुसार कुनै पनि राजनीतिक दल फुटाएर नयाँ बनाउनका लागि केन्द्रीय समिति र संघीय संसद्मा ४०/४० प्रतिशत सदस्यको सहमति अनिवार्य हुनुपर्छ । तर, यसअघि २०७८ भदौमा देउवा प्रधानमन्त्री भएका बेला अध्यादेशमार्फत उक्त व्यवस्था संशोधन गरिएको थियो । संशोधनमार्फत केन्द्रीय समिति वा संघीय संसद्का २० प्रतिशत सदस्य सहमत भए पार्टी फुटाउन सक्ने व्यवस्था राखिएको थियो ।

अध्यादेश जारी भएपछि एमाले विभाजन भएर एकीकृत समाजवादी र जनता समाजवादी पार्टी, नेपाल विभाजन भएर लोकतान्त्रिक समाजवादी पार्टी बनेका थिए । दल विभाजन भएपछि उक्त अध्यादेशलाई संसदले अनुमोदन नगरेका कारण स्वतः निष्क्रिय भएको थियो ।

पूर्ववर्ती दाहाल सरकारले १८ माघ २०८० मा प्रतिनिधिसभामा राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन) विधेयक दर्ता गरेको थियो । यो विधेयक हाल राज्य व्यवस्था तथा सुशासन समितिमा दफावार छलफलका क्रममा छ । तर, यतिबेला संसद अधिवेशन छैन । त्यसैकारण ऐनका कतिपय निष्क्रिय प्रावधानलाई सम्बोधन गर्नेगरी अध्यादेश ल्याउने पक्षमा सरकार छ ।

प्रधानमन्त्री ओलीले नेकपा एकीकृत समाजवादीसँगै, जनमत, लोसपा र नागरिक उन्मुक्तिसहितका दलहरू फुटाउन लागेको चर्चा छ । उपेन्द्र यादव नेतृत्वको जसपा (नेपाल)बाट अलग भएर अशोककुमार राई नेतृत्वमा गठित जसपालाई वैद्यता दिन पनि अध्यादेश ल्याउन लागेको बताइएको छ ।

यदि, अध्यादेश ल्याए नेकपा एस सबैभन्दा पहिले फुट्ने राजनीतिकवृत्तमा चर्चा छ । त्यहाँका सांसदहरू भानुभक्त जोशी, किसान श्रेष्ठ, अम्बरबहादुर थापालगायतले पार्टी छाड्न लागेको बताइएको छ । नेकपा एस र जसपाको सांसद मात्रै एमाले भित्र्याउन पाए संसद्को यही कार्यक्रममा पहिलो ठूलो दल बन्ने ओलीको चाहना छ । तर, ओलीले भने कुनै दल विभाजन गर्ने पक्षमा नभएको दाबी गरेका छन् ।


## साउदीमा रोजगार

कम्पनी: GAS SUPPLY RESOURCES CORPORATION — शहर: Riyadh

पूर्व स्वीकृत मिति : २०८१/०७/०७ — LT. No. 312624 — चलानी नं ६०२२७०२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pick Up Driver | 2 | 0 | 1400 | ५०,१८३ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कात्तिक १५ गते (31th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने /नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोषकसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रु. २३०८/- कामदारले तिर्ने | रु. १५००/ कामदार आफैंले | नि:शुल्क | रु. ७००/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्भौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sulav Recruitment Pvt.Ltd.**
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : +977- 5903011/5903012
Email: sulavrecruitment@gmail.com, Website: www.sulavhr.com
श्रम ईजाजत नं. 1336/074/075



## युएईमा रोजगार

कम्पनी : THE VALET LLC

पूर्व स्वीकृति मिति : २०८०/04/08 — पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/०७ — LT. No. 289672 — चलानी नं. ६०२०४९३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concierge/doorman | 49 | 0 | 1200 | ४४,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Helper | 25 | 0 | 900 | ३३,०४० | | | | | | | |
| 3 | Parking Attendant | 50 | 0 | 1100 | ४०,३८५ | | | | | | | |
| 4 | Revenue Controller | 8 | 0 | 2000 | ७३,४३० | | | | | | | |
| 5 | Shift Supervisor | 45 | 0 | 2000 | ७३,४३० | | | | | | | |
| 6 | Valet Driver | 103 | 0 | 1400 | ५१,४०० | | | | | | | |
| 7 | Waiter | 25 | 0 | 1100 | ४०,३८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १५ गते (31st Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्भौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ७५१/०६४/०६५

**Dubai Overseas International Pvt. Ltd.**
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com



## कुवेतमा रोजगार

कम्पनी : CREATIVE STYLE UNITED GENERAL TRADING GROUP CO.

पूर्व स्वीकृति मिति : २०८१/०२/११ — पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/०७ — LT. No. 305270 — चलानी नं. ६०२२००३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 8 | 2 | 90 | ३९,५२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Light Duty Driver | 5 | 0 | 135 | ५९,२८० | | | | | | | |
| 3 | Sales Girl / Sales Man | 5 | 15 | 135 | ५९,२८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १५ गते (31st Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्भौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १६०२/०७९/०८०

**BRIGHT FUTURE HR SOLUTION PVT. LTD.**
KMC-3, Kathmandu, Nepal, Tel: 1-5914632/5924633, 9802348222 , 9762884218
Email: brightfuturehrsolution1602@gmail.com



## युएईमा रोजगार

कम्पनी: REFINE GENERAL CONTRACTING & MAINTENANCE L.L.C

पुन: स्वीकृत मिति : २०८१/०७/०७ — LT. No. 312633 — चलानी नं ६०२२७०२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Asphalt Roofing Worker | 5 | 0 | 1200 | ४३,९७७ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |
| 2 | Brick Layer | 9 | 0 | 1200 | ४३,९७७ | | | | | | | |
| 3 | Building Labour | 8 | 0 | 800 | २९,३१८ | | | | | | | |
| 4 | Ceiling Workers | 5 | 0 | 1200 | ४३,९७७ | | | | | | | |
| 5 | Electrician. | 4 | 0 | 1200 | ४३,९७७ | | | | | | | |
| 6 | House-builder | 5 | 0 | 1200 | ४३,९७७ | | | | | | | |
| 7 | Tile Layer | 5 | 0 | 1200 | ४३,९७७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कात्तिक १५ गते (31th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने /नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोषकसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रु. २३०८/- कामदारले तिर्ने | रु. १५००/ कामदार आफैंले | नि:शुल्क | रु. ७००/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्भौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MBK OVERSEAS PVT. LTD.**
Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Web: www.mbkoverseas.com.np
Email: mbkoverseas@gmail.com, info@mbkoverseas.com.np, Contact: (For Kathmandu) 9818184532
9801064154,9808658844,9828816646, Contact: (For Jhapa) 023590343,9842716845,9815933303
श्रम ईजाजत नं. 542/061/062


## स्वास्थ्य बिमा प्रतिवेदन कार्यान्वयनमा सुझाव माग

**काठमाडौं (प्रस)**– स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले आमनागरिकको स्वास्थ्यमा पहुँच विस्तारका लागि स्वास्थ्य बिमाको सुधार गर्नु मन्त्रालयको प्रमुख उद्देश्य भएकाले यस क्षेत्रमा देखिएका समस्या समाधान हुनेगरी सुझाव दिन विज्ञहरूलाई आग्रह गरेका छन् ।

बिमा सुधार सम्बन्धमा सुझाव दिन विश्व स्वास्थ्य संगठनका पूर्ववरिष्ठ अधिकारी शम्भुप्रसाद आचार्यको नेतृत्वमा बनेको समितिसँग मन्त्री पौडेलले बिमामा देखिएका स्रोत अभाव तथा गलत दाबीजस्ता समस्या समाधान गर्न व्यावहारिक र ठोस सुझावको अपेक्षा गरेको बताए ।

'हामीलाई व्यावहारिक र ठोस सुझाव दिनुहोला,' उनले भने, 'जुन स्वास्थ्य बिमाको समस्या समाधानमा पथ प्रदर्शक बनोस् ।' मन्त्री पौडेलले समितिले दिएको सुझाव कार्यान्वयनमा मन्त्रालय र सरकार प्रतिबद्ध रहेको बताए । 'स्रोतको अभाव मुख्य समस्या छ,' उनले भने, 'तर स्रोत बढाउने केही विकल्प छन् । यहाँहरूले उपयुक्त विकल्प दिनुहुने छ भन्ने अपेक्षा गरेका छौं ।'

मन्त्री पौडेलले नसक्नेका लागि एक लाख रूपैयाँ बिमा रकम ठूलो सहायता भए पनि त्यसले मात्र समस्या समाधान नहुने भएकाले उक्त रकम वृद्धि गरी पाँच लाख पुऱ्याउनुपर्ने योजना बनाएको बताए । 'हामीले दायरा बढाउँदा स्रोत अभावको चुनौती देखापर्न सक्छ, तपाईंहरूले थप समिति बनाउन नपर्नेगरी सुझाव दिनुहोला,' उनले भने ।

## बिजी राजमार्ग २४सै घण्टा खुला

**काभ्रेपलाञ्चोक (प्रस)**– बिपी राजमार्गमा बुधबारदेखि २४सै घण्टा सवारीसाधन चल्न थालेका छन् । सडक डिभिजन कार्यालय भक्तपुरले बिपी राजमार्गमा पूर्णरूपमा सञ्चालन गर्न अनुमति दिएसँगै २४सै घण्टा सवारी चल्न थालेका हुन् । कार्यालयले जोखिमका कारण गत असोज ३० गतेदेखि रातको समयमा (१० घण्टा) यातायात सञ्चालनमा रोक लगाएको थियो । असोज दोस्रो साता परेको अविरल वर्षापछिको बाढीपहिरो कारण क्षति भएको बिपी राजमार्गअन्तर्गतको धुलिखेल-भकुण्डेबेंसी-बर्खेखोला सडकखण्डमा साँझ ६ बजेदेखि बिहान ४ बजेसम्म १० घण्टा यातायात सञ्चालनमा रोक लगाएको थियो ।

## उर्लाबारी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ, कोशी प्रदेश, नेपाल

### बोलपत्र स्विकृत गरिएको आशयको सूचना

सूचना प्रकाशित मिति: २०८१/०७/०८

यस कार्यालयबाट मिती २०८१।०५।३१ गते बोलपत्र मार्फत प्रथम पटक प्रकाशित सूचना ठेक्का नं कृ-१/२०८१/०८२ अनुसार बर्णशंकर मकैको बीउ खरिद गर्ने सम्बन्धी रित पुर्वक कार्यालयमा दाखिला हुन आएको जम्मा १ (एक) थान बोलपत्रनै मुल्याङकित भई सारभुत रुपमा प्रभावग्राही रहेको पाईएको हुदा सार्बजनिक खरिद ऐन २०६३ को नियम २७ को (१) र (२) बमोजिम बोलपत्र स्विकृतीको लागि छनौट गर्ने आशयको सूचना सम्वन्धित बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

निम्न

| सि.नं. | ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक भ्याट सहित |
|---|---|---|---|---|
| १ | कृ-१/२०८१/०८२ | बर्णशंकर मकैको बीउ खरिद | श्री गड्सन भेट्स फर्मा, दमक-५, झापा | २६,३४,०६०।- (अक्षरेपी छबिस लाख चौतिस हजार साठी रुपैयाँ मात्र) |

प्रमुख प्रशासकीय अधिकृत

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**प्रथमपटक प्रकाशित मिति: २०८१/०७/०८**

यस कम्पनीको मिति २०८१/०७/०३ गते सम्पन्न विषेश साधारण सभाको निर्णय अनुसार साविक कम्पनी **द गुरुकूलम स्कुल प्रा लि** (प्रा.लि. दर्ता नं. २००८४) को नाममा रहेको सम्पुर्ण चल-अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर लगायतको दायित्व आदि परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०७/०६ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **गुरुकूलम स्कुल** प्रा.लि. कायम गरिएको व्यहोरा यसै सूचना द्वारा जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभागको**
**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **Aseana International Pvt.Ltd. (ई.प.नं. ९३७/०६७/०६८) साविक काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १६ मा रहेको कार्यालयको साविकको ठेगाना** परिवर्तन गरी **काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. २६** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको नाम परिवर्तन गर्दा कोही कसैलाइ मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

नेपाल सरकार
वैदेशिक रोजगार विभाग, काठमाडौं

**दावी विरोध सम्बन्धी सूचना**

प्रकाशित मिति: २०८१/०७/०८

नेपाल सरकार वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त संस्था **श्री सन एण्ड कम्पनी इन्टरनेशनल प्रा.लि.** (ई.प.नं.१५६०/०७९/०८०) ले यस विभाग समक्ष इजाजतपत्र रद्द गरी वैंक ग्यारेन्टी फुकुवा गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको **मिति २०८१/०७/०७** को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम इजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता तथा वैंक ग्यारेन्टी फुकुवा भई जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

## उदयपुरगढी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
उदयपुरगढी, उदयपुर
कोशी प्रदेश, नेपाल

### शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक पत्रिकामा सूचना प्रकाशित मिति : २०८१/०७/०८

उदयपुरगढी गाउँपालिकाको आ.व. २०८१/०८२ का लागि स्वीकृत कार्यक्रमबाट तपशिल बमोजिमका खरिद कार्यहरु गर्नुपर्ने भएकोले इजाजत प्राप्त फर्म/कम्पनिहरुलाई उल्लेखित शर्तहरुको अधिनमा रहि रीतपूर्वक विद्युतीय खरिद प्रक्रिया (E–bid) मार्फत सहभागी हुन जानकारीको लागि यो शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र.सं. | ठेक्का नं. र प्रकार | कामको विवरण | लागत अनुमान रकम (VAT सहित रु.) | बोलपत्र जमानत रकम रु. | बोलपत्र खरिद रकम रु. | बोलपत्र बुझाउने अन्तिम मिति | बोलपत्र खुल्ने मिति | रकम जम्मा सम्बन्धि विवरण |
|---|---|---|---|---|---|---|---|---|
| 1. | URM/SQ/Goods/01-2081/82 | Purchase and Supplies of Gabion Boxes for River Training and Natural Disaster | १४,०२,००९।७६ | ३५,०००।०० | १,०००।०० | मिति: २०८१-०७-२७ समय: १२:०० बजे | मिति: २०८१-०७-२७ समय: १३:०० बजे | **बैंकको नाम:** सानिमा बैंक लि., गढी शाखा, उदयपुरगढी **राजस्व खाता नं.:** १२४०१००४००००००१ **धरौटी खाता नं.:** १२४०१००४००००००१५ |
| 2. | URM/SQ/Med/Goods/02-2081/82 | Purchase and Supplies of Medical Goods | १५,००,०००।०० | ४०,०००।०० | १,०००।०० | | | |

**नोट:** शिलबन्दी दरभाउपत्र सम्बन्धि विस्तृत जानकारीको लागि यस कार्यालयको वेवसाइट www.udayapurgadhimun.gov.np हेर्नुहुन अथवा कार्यालयको सम्पर्क नं. ९८५२०४६९००/९८५२८३५२७९/९८४५२३०८२७/९८४००३२६८२ मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# कञ्चनजंघामा १३ हिउँचितुवा

■ प्रभाव संवाददाता

**काठमाडौं–** कञ्चनजंघा संरक्षण क्षेत्रमा १३ वयस्क हिउँचितुवा रहेका छन् । ११औं अन्तर्राष्ट्रिय हिउँचितुवा दिवसका अवसरमा बुधबार यहाँ आयोजित हिउँचितुवा गणनासम्बन्धी सर्वेक्षण प्रतिवेदन सार्वजनिक गरिएको हो ।

उक्त प्रतिवेदनअनुसार कञ्चनजंघा संरक्षण क्षेत्रमा १३ वयस्क हिउँचितुवा रहेका पाइएको छ । वन तथा वातावरण मन्त्रालयको राष्ट्रिय निकुञ्ज तथा संरक्षण विभाग र वन तथा भू-संरक्षण विभागले बुधबार आयोजना गरेको कार्यक्रममा सन् २०२४ अप्रिल ४ देखि जुन २ तारिखसम्म कञ्चनजंघा संरक्षण क्षेत्रमा गरिएको हिउँचितुवा सर्वेक्षणको नतिजा सार्वजनिक गरिएको हो । सो प्रतिवेदनअनुसार कम्तीमा नौ र बढीमा २४ को संख्यामा हिउँचितुवा रहेको जनाइएको छ ।

विभागले वैज्ञानिक एवं विश्वसनीय अध्ययन विधिको प्रयोग गरी हिउँचितुवाको राष्ट्रिय सर्वेक्षण गर्ने उद्देश्यले क्यामरा ट्याप गरी विभिन्न हिमाली संरक्षित क्षेत्र तथा वन क्षेत्रमा गणना थालनी गरिएको थियो । करिब २०३५ वर्ग किलोमिटर क्षेत्रफलमा हिउँचितुवाको उपयुक्त बासस्थान मानिने भएकाले सो क्षेत्रभित्र १६ वर्ग किलोमिटरका ग्रिडमा स्वचालित क्यामरा ६० दिनसम्म राखेर फोटो खिची विश्लेषण विधिमार्फत गणना गरिएको हो ।

वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले उक्त प्रतिवेदन सार्वजनिक गर्दै हिउँचितुवाको संरक्षणका लागि सरकारसँगै स्थानीय समुदाय र सरोकार भएका निकायले हातेमालो गर्नुपर्नेमा जोड दिए । उनले हिउँचितुवाको संरक्षण र संख्या वृद्धिका लागि आगामी दिनमा संरक्षण अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिए ।

मन्त्री ठकुरीले भने, 'चोरी निकासी नियन्त्रणमा कानुन संशोधन वा परिमार्जन गर्नुपरे पनि मन्त्रालय तयार छ । हिउँचितुवाको संरक्षणमा स्थानीय जनतामा चेतना अभिवृद्धि गरी अभियानमा परिचालन गर्नु आवश्यक छ ।' उनले नेपालको पहिचानसँग जोडिएको हिउँचितुवाको ठूलो महत्त्व रहेकाले यसको संरक्षणलाई सरकारले प्राथमिकतामा राखेको उल्लेख गरे ।

वन राज्यमन्त्री रूपा विकले हिउँचितुवा संरक्षणमा देखिएका चुनौती सामना गर्न सरकारसँगै दातृ तथा सहयोगी निकाय र सरोकार भएकाको सहयोग र समन्वय आवश्यक हुने बताइन् । उनले कठिन भूगोलमा पाइने हिउँचितुवा हिमाली क्षेत्रको पारिस्थितिकीय प्रणालीको स्वच्छताको प्रतीक भएकाले यसको संरक्षणमा अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिइन् ।

वन सचिव डा. दीपककुमार खरालले विश्वमा नेपालको पहिचानसँग जोडिएको हिउँचितुवाको संरक्षणमा देखिएका चुनौती समाधान गर्न स्थानीय, सुरक्षा निकाय र सहयोगी संस्थाले गरेको सहयोगको प्रशंसा गरे । निकुञ्ज विभागका महानिर्देशक डा. रामचन्द्र कँडेलले हिउँचितुवा संरक्षणमा भएका उपलब्धि र प्रयासका बारेमा जानकारी गराउँदै सरोकार भएका निकायसँग समन्वय गरी काम गरिरहेको बताए ।

वन तथा भू-संरक्षण विभागका महानिर्देशक शिव वाग्लेले उच्च हिमाली क्षेत्रमा मात्र पाइने हिउँचितुवा नेपालको हिमाली क्षेत्रमा पाइनु सफलताको विषय रहेको बताउँदै यसले नेपाललाई विश्व समुदायमा चिनाएको उल्लेख गरे । यसअघि डोल्पा क्षेत्रमा हिउँचितुवा गणनाको नतिजा सार्वजनिक गरिएको थियो । डोल्पामा ९० हिउँचितुवा रहेको पाइएको छ । दिवसका अवसरमा बुधबार नै डोल्पा राष्ट्रिय निकुञ्जअन्तर्गत पूर्व (वन क्षेत्र)को हिउँचितुवा अध्ययन प्रतिवेदन लोकार्पण गर्नाका साथै डोल्पा राष्ट्रिय निकुञ्जभित्र खिचिएका जंगली याकको फोटो फ्रेम अनावरण गरिएको छ ।

विश्वका १२ देशमा मात्र पाइने हिउँचितुवा स्वच्छ हिमाली पर्यावरणको सूचक मानिन्छ । विश्वमा हिउँचितुवा नेपालका साथै अफगानिस्तान, भुटान, चीन, काजकिस्तान, किर्गिस्तान, भारत, मंगोलिया, रसिया, पाकिस्तान, ताजकिस्तान र उज्वेकिस्तानमा पाइन्छ । यस वर्ष यो दिवसको नारा 'भविष्यका पुस्ताका लागि हिउँचितुवाको बासस्थानको सुरक्षा' रहेको छ । यस विषयले हिउँचितुवाको प्राकृतिक बासस्थानको सुरक्षा र हिमाली पारिस्थितिकीय प्रणालीको स्वास्थ्य सुनिश्चित गर्नलाई महत्त्व दिएको छ । हिउँचितुवा उच्च हिमाली क्षेत्रको स्वास्थ्य परिस्थितिकीय प्रणालीको महत्त्वपूर्ण हिस्सा मानिन्छ । हिउँचितुवा नेपालमा करिब ३०० देखि ५०० र विश्वमा करिब चार हजारदेखि छ हजार ५०० को संख्यामा रहेको अनुमान छ । बिरालो प्रजातिको हिउँचितुवाले आफ्नो लामो पुच्छरले शरीरलाई सन्तुलन गर्दछ ।

हिउँचितुवा नेपालको समग्ररूपमा बढी संरक्षित क्षेत्रले ओगटेको हिमाली एवं उच्च पहाडी प्राकृतिक बासस्थानको खाद्य शृंखलामा सबैभन्दा माथि रहनाका साथै स्वस्थ पारिस्थितिकीय प्रणालीको सूचकका रूपमा रहेको छ । निकुञ्ज विभागले डोल्पा क्षेत्र (शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज र बाहिरको वन क्षेत्र), हुम्ला जिल्लाको वन क्षेत्र, मनास्लु संरक्षण क्षेत्र, गौरीशंकर संरक्षण क्षेत्रमा विभिन्न निकाय एवं अनुसन्धानकार्ताबाट विभिन्न विधिमार्फत हिउँचितुवा सर्वेक्षण भइसकेकाले थप ठाउँहरूको नतिजालाई संयोजन गरी राष्ट्रियस्तरको तथ्यांक तयार गर्ने योजना रहेको जनाइएको छ ।


## युएइमा रोजगार

कम्पनी: TROJAN GENERAL CONTRACTING LLC — शहर: Abu Dhabi

पुन: स्वीकृत मिति : २०८१/०७/०६ | LT. No. 312382 | चलानी नं ६०२२६९८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 200 | 0 | 800 | २९,३१८ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कातिक १५ गते (31th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने /नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोषकसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रु. २३०८/- कामदारले तिर्ने | रु. १५००/ कामदार आफैंले | नि:शुल्क | रु. ७००/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ASIA LINK Services Pvt. Ltd. — श्रम ईजाजत नं. ११९/०५५/०५६

**Asia Link Services Pvt. Ltd.**
Basundhara Kathmandu,Nepal, Tel: +977-01-5903260, Phone No : 9817961880, 9851116133, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com

## कतारमा रोजगार

कम्पनी : COIFFURE AL JAWHARA

पूर्व स्वीकृति मिति : २०८१/०७/०६ | LT. No. 312498 | चलानी नं. ६०२२६९९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Beautician | 0 | 9 | 1700 | ६२,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १५ गते (31st Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**HR NEPAL SERVICES PVT. LTD.**
Old Baneshwor, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, Email: hrnepalservices@gmail.com
श्रम ईजाजत नं. १५४८/०७८/०७९

## साउदीमा रोजगार

कम्पनी : MACHINARY RESOURCES COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०७/०७ | LT. No. 312571 | चलानी नं. ६०२२७०२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOAD AND UNLOAD LABOUR | 10 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १५ गते (31st Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम ईजाजत नं. ९५४/०६७/६८

**VARSHA MANPOWER PVT. LTD.**
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## साउदीमा रोजगार

कम्पनी : Obaid Mohammad Al Saadi Transport Company Branch.

पूर्व स्वीकृति मिति : २०८१/०७/०७ | LT. No. 307901 | चलानी नं. ६०२२६९८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Trailer Truck Driver | 1 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १५ गते (31st Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Prince International Employment Service Pvt. Ltd.**
श्रम ईजाजत नं. ४३५/०६०/०६१
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600, 9813952892
E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com

## युएईमा रोजगार

कम्पनी : SANGAM RESTAURANT AND SWEETS LLC

पूर्व स्वीकृति मिति : २०८१/०४/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/०७ | LT. No. 307558 | चलानी नं. ६०२२२३६२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Restaurant | 3 | 0 | 900 | ३३,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १५ गते (31st Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**DESTINY HR GROUP (P) LTD** (Wide Range H.R. Pvt. Ltd)
Sinamangal-9, Kathmandu, Nepal. Phone: 01-5913085, 01-5914085,
Mobile: 9851164801, Email: destinyhrgrp2079@gmail.com
श्रम ईजाजत नं. १५५२/०७९/०८०


## JAHADA RURAL MUNICIPALITY

**OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE**

**MORANG, KOSHI PROVINCE, NEPAL**

### Invitation for E-Bid

**Date of Publication: 8th Kartik, 2081**

1. **Jahada Rural Municipality, Office of the Municipal Executive, Morang, Koshi Province, Nepal, invites electronic bids only** from Nepalese eligible bidders under NCB Procedures.
2. The Details of the project is as follows:

| IFB No. | Work Descriptions | Estimated Amount (Without VAT) | Bid Document Cost Nrs. | Pre-Bid Meeting | Last Date of Bid Submission | Bid Opening Date (NRS) | Bid Security Amount |
|---|---|---|---|---|---|---|---|
| JRM/BUILDING/ NCB/081/082/03 | Construction of 2nd & 3rd Floor of Prasasanik Bhawan at Jahada | | 5,000.00 | 11:00 AM on 2081/07/30 | 12:00 PM on 2081/08/09 | 2:00 PM on 2081/08/09 | 9,70,000.00 |
| JRM/WORKS/ NCB/081/082/04 | Sundari Manth Jane sadak khanda ko Muslim Tole ko Masjid dekhi Dumariya Jane Sadak Kalopatre | Rs. 44,69,450.03 | 3,000.00 | 1:00 PM on 2081/07/29 | 12:00 PM on 2081/08/09 | 2:00 PM on 2081/08/09 | 1,12,000.00 |

For other details please visit bolpatra.gov.np/egp

**Chief Administrative Officer**

Amargadhi Municipality

Office of Municipal Executive

Tufandada, Dadeldhura

Sudurpaschim Province, Nepal

### INVITATION FOR BIDS (IFB)

DATE OF PUBLICATION: - 2081-07-08 BS (2024-10-24 AD)

1. Municipality has allocated funds towards the cost of Goods mentioned and intends to apply part of the funds to cover eligible bidders (suppliers) under the contract as described in table below. The eligible Nepalese bidders (suppliers) for following Goods under National Competitive Bidding (NCB). Some of the qualifications criteria are mentioned below, more details are in the bidding document.

| S.N. | Contract No/Bid No | Description of Works | Bidding Procedure | Estimated Amount (Ex. VAT ) | Bid Security Amount (NRs) | Bid Document Price (NRs) | Last date of Bid Submission and Time |
|---|---|---|---|---|---|---|---|
| 1. | AM/DDL/ GOODS/NCB/01-2081/82 | Procurement, Supply and Delivery of Health Medicine, Amargadhi Municipality | National Competitive Bidding (NCB) | 2815159 | 80000 | 3000 | 2024-11-25 (2081-08-10) 12:00 Hours |

Bidder shall submit their bid electronically and download the bidding documents for e-submission form www.bolpatra.gov.np/egp.

**बागमती प्रदेश सरकार**

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

**यातायात पूर्वाधार निर्देशनालय**

**पूर्वाधार विकास कार्यालय**

**काभ्रेपलाञ्चोक**

### वोलपत्र स्विकृत गर्ने आशयको सूचना

**(प्रकाशित मितिः २०८१/०७/०८)**

यस कार्यालयबाट मिति २०८१/०६/०२ को PPMO को E- Procurement Portal मा प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार रित पुर्वक म्याद भित्र www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेखित आयोजना, वोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित र सारभुतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि मूल्यांकन समितिबाट सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) तथा ITB 39.1 बमोजिम निजले पेश गरेको वोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| S. N. | Name of Road | Lowest & Responsive Bidder | Bid Price (With VAT & PS) NRs. | Contract ID |
|---|---|---|---|---|
| 1 | Upgrading Works on Karkiko mil Jaganath Paudelko Ghar to Chhed Road, Panchkhal Municipality- 06 | M/S Bibek Waiba Construction, Panauti- 05, Kavrepalanchok | 1,803,041.79 | IDOKAVRE/W/NCB/01/081/82 |
| 2 | Upgrading works on Mane to Dhandre khola Road, Panchkhal Municipality- 09 | M/S SRS Waiba Construction, Panchkhal- 05, Kavre | 1,772,813.37 | IDOKAVRE/W/NCB/02/081/82 |
| 3 | Construction Works on Tamaghat Danfe khola Road, Panchkhal Municipality- 06 | M/S Unnati Construction and Suppliers Pvt. Ltd., Jaran Danda, Dhulikhel- 06 | 2,868,863.32 | IDOKAVRE/W/NCB/03/081/82 |
| 4 | Construction Works on Kafledi Simikot Sankere Belabot Section, Panchkhal Municipality- 03 | M/S Royal Himalayan Builders, Dhulikhel, Kavre | 1,371,395.69 | IDOKAVRE/W/NCB/04/081/82 |
| 5 | Construction Works on Swarna Khola Barbot Khanikhola Road, Panchkhal Municipality- 09 | M/S SRS Waiba Construction, Panchkhal- 05, Kavre | 880,622.04 | IDOKAVRE/W/NCB/05/081/82 |
| 6 | Construction Works on Bohore Dobhan Aadhabato Dandagaun Saramthali Maure Narayansthan Rosaiwa Road, Temal Rural Minicipality- 01 | M/S PSK Construction, Chaurideureli- 4, kavre | 3,016,206.62 | IDOKAVRE/W/NCB/06/081/82 |
| 7 | Upgrading Works on Dhungedhara Hudai Aryal Ghar Samma Road, Banepa Municipalty- 11 | M/S New Diamond Construction, Banepa- 6, Kavre | 1,381,173.01 | IDOKAVRE/W/NCB/07/081/82 |
| 8 | Upgrading Works on Bhagawati Pra Bi. Hudai Banjhban Budhathoki Gaun Bikteshwor Road, Banepa Munipality- 13 | M/S T.U Builders Pvt. Ltd., Chaurideurali -5, Kavre | 1,818,712.42 | IDOKAVRE/W/NCB/08/081/82 |
| 9 | Construction of Ambika School Sankhel Dekhi DiGaun -Mahankal Hudai Chamkharka Bhokesnal School sammako Road, Panauti Municipality- 04 | M/S Bhandari Nirman Sewa, Panauti -9, Kavre | 2,475,386.57 | IDOKAVRE/W/NCB/09/081/82 |
| 10 | Construction of Manegoth Kampani Saraswati Ma.Bi. Hudai Khawa Araniko road, Dhulikhel Municipality- 08 | M/S Kotdevi Nirman Sewa, Panchkhal Na.Pa.- 5, Kavre | 3,058,947.98 | IDOKAVRE/W/NCB/10/081/82 |
| 11 | Construction of Kharka Pokhari Thumka Tinpiple Panchkhal Road, Dhulikhel Municipality- 08 | M/S K.L. Builders, Daraunepokhari, Kavre | 4,264,741.25 | IDOKAVRE/W/NCB/11/081/82 |
| 12 | Construction of Araniko Rajmarga Thakuri Gaun road, Dhulikhel Municipality- 08 | M/S Pacific Builders, Dhulikhel- 04, Kavre | 3,456,725.44 | IDOKAVRE/W/NCB/12/081/82 |
| 13 | Construction of Acharya Gaun Transmitter Ratomate Sadak, Dhulikhel Municipality- 03 | M/S Royal Himalayan Builders, Dhulikhel, Kavre | 2,238,443.20 | IDOKAVRE/W/NCB/13/081/82 |

**Office Chief, IDO, Kavre**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### मिथ्यांकमै मक्ख पार्ने प्रयास

केपी शर्मा ओली सरकारमा होस् या सरकारबाहिर टुक्का सुनाएर जनतालाई रणभुल्ल पार्ने नेता हुन्। क्यामरा र 'स्टन्ट' ओलीका भरपर्दा दुई अस्त्र हुन्थे। 'ओली बा'को ब्रान्डिङ ओलीले यसरी नै गरे । नेकपाको सरकार छँदा ओलीले नयाँ युग भन्दै काठमाडौंका पोलपोलमा आफ्नो तस्बिर झुण्ड्याए ।

अहिले उनको यस्तो मन्त्र नयाँ दलका नेताहरूले 'हाइज्याक' गरिसकेका छन् । त्यही भएर होला, क्यामरा र मञ्चहरूमा ओली भाषणमा त्यति रमाएका देखिन्नन् । यसरी हेर्दा ओली अलि सुध्रिएका हुन् कि वा यथास्थितिवादतिर ढल्किएका हुन् कि झैं देखिन्छ। बुधबार सरकारको प्रगति विवरणमा उनले खर्चेको समयले यस्तै सन्देश दिन्छ । तर पनि ओली तथ्यांक पेश गरेको मौकामा मिथ्य सूचना पनि पस्कन सफल भए। सरकारको सफलताको अधिकांश सूचक त्यही हो ।

तेस्रो कार्यकालका लागि प्रधानमन्त्री बनेका ओलीले मन्त्री नियुक्ति र प्रदेश सरकारको फेरबदलबाहेक केही गर्न सकेका छैनन् । तर, ठूलाठूला अक्षरमा २४ पृष्ठको विवरण बनाउन अघिल्ला सरकारले सकाएका कामदेखि हुँदै नभएका काम प्रगति विवरणमा उल्लेख गरेका छन्। संविधान दिवसमा दरबारमार्गमा गरिएको कन्सर्टलाई पनि सफलताको सूचीमा समेटेका छन्। आपतमा कानमा तेल हालेर बसेको सरकारले दसैंमा जनता घर जान पाउनुलाई पनि सफलता मानेकै छ । अनि देशमा चर्को बेरोजगार समस्यामा केही थान युवालाई ऋण दिएको विषयलाई पनि ठूलै उपलब्धि मानेको छ । ओलीले आफ्नो सरकार बनेदेखि नै विरोध सुरू भएको दुःख पोख्दै दुईतिहाइको सरकारलाई कसैले ढाल्न नसक्ने चेतावनीसमेत विपक्षी दललाई दिएको छ ।

तथ्यांकसहित प्रस्तुत गरिएको प्रगति विवरण झट्ट हेर्दा हो कि हो कि जस्तो देखिन्छ । तर, पहिलो बुँदाबाटै सरकारले प्रतिवेदनको विश्वसनीयतामाथि प्रश्न उठाएको छ । नेपाली कांग्रेस र नेकपा एमालेको सरकारले गर्ने कामका पाँच सहमतिका बुँदा प्रधानमन्त्रीले सदनमै प्रस्तुत गरेका थिए । ती बुँदा कार्यान्वयनमा यो सरकार उदासीन छ। भ्रष्टाचार नियन्त्रण गरी सुशासन स्थापना गर्ने भनेका प्रधानमन्त्रीले विवादित व्यवसायी मीनबहादुर गुरुङबाट एक अर्ब रूपैयाँबराबरको जग्गा दान लिएका छन्। संविधान संशोधनको विषयमा मौन छ भने विकास निर्माणको गतिलाई तीव्र पार्ने विषय अगाडि बढ्न सकेको छैन । विश्वसनीय व्यावसायिक वातावरण तयार गरी आर्थिक गतिविधिलाई चलायमान बनाउनुको साटो आर्थिक संकट चुलिँदो छ। यस्तो अवस्थामा गोलमाल मिथ्यांकमा मक्ख पार्ने काम नगरौं ।

## मनन्योग्य

### चाणक्य नीति

पहिलो प्राथमिकता उनीहरूको हो, तर पनि प्रतिभाको तिरस्कारचाहिँ होइन, कुलपतिजी तिम्रा प्रतिभाले प्रभावित भएमा तिम्रो प्रवेश निश्चित छ, म पनि यसमा धेरै प्रयास गर्नेछु, बिहानै कुलपतिलाई भेटौंला, विश्राम गर । 'विष्णुगुप्त ! म विहान घुम्न निस्कन्छु, म चाहन्छु तिमी पनि हिंड, कुलपतिजी पनि सधैं निस्कनुहुन्छ, त्यही भेट हुन्छ । यसरी आचार्यको आज्ञा पाउनुभन्दा अगाडि विष्णुगुप्तले आफ्नो नित्यकर्म पूरा गरी आँगन सम्पूर्ण सफा गरिसकेका थिए। अनि आचार्यसँग विष्णुगुप्त भ्रमणमा निस्किए। नही किनारमा कुलपतिसँग भेट भयो ।

नजिकै आइपुगेपछि विष्णुगुप्तले साष्टाङ्ग दण्डवत गरेर पाठको धूलो निधारमा लगाए। आचार्यसँग कुलपतिको वार्तापछि जिज्ञासु दृष्टिले विष्णुगुप्ततिर हेरे । पुण्डरीकक्षले जवाफ दिनुभन्दा पहिले विष्णुगुप्तले भने- 'आफ्नो असीम जिज्ञासा शान्त गर्न यो अनाथ विष्णुगुप्त आचार्य पुण्डरीकाक्षमार्फत हजुरका शरणमा आएको छ। यस्तो स्पष्ट र ओजस्वी उत्तर पाएर कुलपतिले आर्शीवाद दिँदै भने- 'योग्यजस्ता छौ, कहाँबाट आयो ?'

पुण्डरीकाक्षले भने- 'यी बालक ज्ञान आर्जन गर्न मगध देशबाट आएका हुन् । यिनको बुद्धिको प्रशंसा मेरा एक मित्रले चिठीमा गरेका छन सामान्य व्यक्तिले धेरै प्रयत्न गर्दा पनि नपाउने ज्ञान यिनले पाएका छन् यस्ता कुरा सुनी कुलपतिले अभिभूत भएर भने बिहानै विद्यालय आउन विश्वविद्यालयलाई तिमीजस्तो प्रतिभावान्को आवश्यकता छ । कसरी विष्णुगुप्तले पुण्डरीकाक्ष र कुलपतिका कृपाले विश्वविद्यालयमा प्रवेश पाए ।

समय बित्दै गयो, धेरै वसन्त आए गए । कति पात झरे, पलाए । पूरा निष्ठा र लगनले अध्ययन गर्न लागे विष्णुगुप्त । अध्ययन गर्दै जाँदा पारे समयमा नै उनको बुद्धिमत्ताका कारण सहपाठीहरूमा र आचार्यका दृष्टिमा आफ्नो स्थान उच्च बनाए। पढाउँदा पनि गुरुले विष्णुगुप्तको उपमा दिएर पढाउन लागे । क्रमशः क्रमशः

# स्वास्थ्य सेवामा सुधारको सन्देश



■ डा. बच्चुकैलाश कैनी

> नेपालको स्वास्थ्य सेवामा सेवाको माग र आपूर्तिबीच खाडल छ । स्वास्थ्य सेवामा सरकारी वा सार्वजनिक स्रोत र साधनको उपलब्धता कमी छ भने माग निकै बढी छ । माग र आपूर्तिबीचको खाडल पुर्न सामुदायिक, गैरसरकारी र निजी क्षेत्रको कस्तो र कतिसम्मको भूमिका रहेको छ वा रहनुपर्ने हो, त्यसको लेखाजोखा पनि छैन । यस्तो अस्पष्ट अवस्थामा बन्ने रणनीति, नियम, योजना र कार्यक्रमहरूले अहिलेको स्वास्थ्य सेवामा देखिएका समस्या समाधान गर्न सक्दैन । यो समस्या समाधान गर्न अहिले हामी कहाँ छौं, अर्को वर्ष वा एक निश्चित अवधिमा कहाँ र कसरी पुग्ने हो, त्यसको निर्क्योल गर्न वस्तुगत तथ्यांकसहित तथ्यगत आधार तयार गर्नुपर्ने हुन्छ । यसैको आधारमा बन्ने योजना र कार्यक्रमले मात्रै स्वास्थ्य क्षेत्रमा सरकारले तोकेको उद्देश्य पूरा हुनसक्छ ।

स्वास्थ्य सेवा हरेक नागरिकको व्यक्तिगत, सामाजिक, आर्थिक र समग्र विकाससँग जोडिएको हुनाले आमजनताका लागि प्रत्यक्ष चासोको विषय हो। नागरिकका लागि स्वास्थ्य सेवा प्रदान गर्न बन्ने नीति, नियम, योजना र कार्यक्रमका बारेमा धेरै नै टिप्पणी पनि हुन्छ । सकारात्मक र नकारात्मक दुवै किसिमका प्रतिक्रिया र टीकाटिप्पणीले पाठ सिकाउँछ र सुधार कार्यक्रमलाई सही रूपमा कार्यान्वयन गर्न मद्दत गर्छ ।

देशका हरेक कुनामा रहेका नागरिकका लागि गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ र सुपथरूपमा प्रदान गर्नु हरेक सरकारको दायित्व हो । समग्र स्वास्थ्य सेवाका लागि अल्पकालीन र दीर्घकालीन रणनीति, योजना र कार्यक्रम बनाउने, आवश्यक स्रोत र साधनको व्यवस्था गर्ने, सरकारी, निजी र गैरसरकारी सेवा प्रदायकहरूको नियमन र अनुगमन गर्ने र सबैका लागि सबै प्रकारका स्तरीय स्वास्थ्य सेवा देशभित्र उपलब्ध गराउने व्यवस्था मिलाउनु पनि सरकारको मुख्य कामअन्तर्गत पर्छ । यसका साथै जनस्वास्थ्य प्रवर्द्धन र रोग रोकथाम गर्ने दायित्व पनि सरकारको हो ।

जब नयाँ सरकार बन्छ र नयाँ स्वास्थ्यमन्त्रीको पदबहाली हुन्छ, तब स्वास्थ्य सेवामा गर्नुपर्ने र स्वास्थ्य मन्त्रालयले गर्ने सुधारको निकै लामो सूची सार्वजनिक हुन्छ । यस्ता सूचीहरू हतारमा तयार हुने र सम्बन्धित सबै पक्षसँग आवश्यक एवं पर्याप्त परामर्श र छलफल नहुने हुनाले स्वास्थ्य सेवा सुधारका लागि गर्नुपर्ने सबै कामका लागि कार्यदिशा, कार्ययोजना, स्रोत र साधनको व्यवस्था, आवश्यक रकमको विनियोजन, विभाग र विभागीय प्रमुखहरूको कार्यविभाजन आदि काम गर्दा निकै नै कमीकमजोरीहरू रहेको आभास हुन्छ। स्वास्थ्य सेवा सुधारका योजनाहरू अपूरो, अधुरो र कमजोर हुन्छन्। जब सुधार कार्यक्रमको सुरुआत नै अधुरो र कमजोर हुन्छ, त्यसको कार्यान्वयन र अन्तिम परिणाम पनि स्वाभाविकरूपमा अपूरो र कमजोर नै हुन्छ ।

हरेक सुधारको पहिलो र महत्त्वपूर्ण सर्त सेवाप्रदायक निकाय, पेसाकर्मी र हरेक सरोकारवाला पहुँचका लागि महत्त्वपूर्ण कोसेढुंगाको काम गर्ने छ ।

देशमा विपन्न भएकै कारण जलनमा परेर ज्यान गुमाउने र अंगभंग हुने समस्या बढिरहेका बेला मन्त्री पौडेलले गरेको निःशुल्क उपचारको निर्णय पनि आम स्वास्थ्यमा पहुँच हुन नसक्नेका लागि महत्त्वपूर्ण निर्णय मान्न सकिन्छ । प्राविधिक क्षेत्रका नभए पनि दृढ इच्छाशक्ति र केही गर्छु भन्नेले थोरै समयमै पनि केही आशा देखाउन सक्छ भन्ने उदाहरण १०० दिनभित्र मन्त्री पौडेलले सार्वजनिक गरेको निर्णयले प्रमाणित गरेको छ ।

देशमा चिकित्सकीय क्षेत्रमा एमबिबिएस माथिका चिकित्सकका लागि अध्ययन गराउन सक्ने कोटा जम्मा वार्षिक ११३ छ। यसले बढ्दो स्वास्थ्य आवश्यकता पूरा गर्न सक्दैन । यस्तोमा चिकित्सक गोविन्द केसीसमेतले लामो समयदेखि उठाउँदै आएको विशेषज्ञ चिकित्सकको संख्या बढाउने माग सम्बोधन गर्नेगरी मन्त्री पौडेलले न्याम्समार्फत गरेको ४०० चिकित्सक अध्ययन गराउन सक्नेगरी शिक्षक दरबन्दी स्वीकृत गर्ने निर्णय देशमा अभाव भएको दक्ष चिकित्सकीय जनशक्ति स्वदेशमै न्यून शुल्कमा अध्यापन गर्न निकै महत्त्वपूर्ण हुनसक्ने अपेक्षा स्वास्थ्य क्षेत्रका विज्ञहरूले गरेका छन् ।

चिकित्सा शिक्षा महँगो भएको अवस्थामा उपत्यकाबाहिर सरकारी पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमार्फत ५०/५० चिकित्सक अध्यापन सुरु गर्नुले चिकित्सक केसीले लामो समयदेखि उठाउँदै आएको अर्को प्रमुख माग सम्बोधन मात्र गरेको छैन, आर्थिक अभाव हुनेलाई स्वदेशमै चिकित्सा अध्ययनका लागि निकै ठूलो अवसर दिलाएको छ । यसले ती संस्थामा अभाव भएको चिकित्सक समस्यालाई समेत विद्यार्थी चिकित्सकमार्फत भए पनि केही राहतसमेत दिने र आम नागरिकलाई स्वास्थ्य सेवामा समेत सहज हुने अपेक्षा गर्न सकिन्छ ।

अस्पतालमा भीड व्यवस्थापनका लागि थालिएको अनलाइन प्रणालीले केही हदसम्म पहिलेभन्दा सुधार गरेको महसुस भए पनि यसको कुशल व्यवस्थापनमा अस्पतालका नेतृत्वकर्ता स्वास्थ्य जनशक्तिले केही बढी मिहेनत गर्नुपर्ने देखिन्छ । आमनागरिकले लाइन अझै धेरैका लागि असम्भवजस्तै हुन्छ । नेपालको स्वास्थ्य सेवामा देखिएको एउटा प्रमुख समस्या यो पनि हो । यो समाधान गर्नका लागि हरेक तह र श्रेणी समेटेर समस्त स्वास्थ्य सेवाको एकीकृत विकास र सुधार गर्न सक्ने योजना बनाई लागू गर्नुपर्ने देखिन्छ ।

नेपालको स्वास्थ्य सेवामा सेवाको माग र आपूर्तिबीच खाडल छ । स्वास्थ्य सेवामा सरकारी वा सार्वजनिक स्रोत र साधनको उपलब्धता कमी छ भने माग निकै बढी छ । माग र आपूर्तिबीचको खाडल पुर्न सामुदायिक, गैरसरकारी र निजी क्षेत्रको कस्तो र कतिसम्मको भूमिका रहेको छ वा रहनुपर्ने हो, त्यसको लेखाजोखा पनि छैन । यस्तो अस्पष्ट अवस्थामा बन्ने रणनीति, नियम, योजना र कार्यक्रमहरूले अहिलेको स्वास्थ्य सेवामा देखिएका समस्या समाधान गर्न सक्दैन। यो समस्या समाधान गर्न अहिले हामी कहाँ छौं, अर्को वर्ष वा एक निश्चित अवधिमा कहाँ र कसरी पुग्ने हो, त्यसको निर्क्योल गर्न वस्तुगत तथ्यांकसहित तथ्यगत आधार तयार गर्नुपर्ने हुन्छ । यसैको आधारमा बन्ने योजना र कार्यक्रमले मात्रै स्वास्थ्य क्षेत्रमा सरकारले तोकेको उद्देश्य पूरा हुनसक्छ ।

समस्या र चुनौतीको खातमाथि बसेको स्वास्थ्य मन्त्रालयले हिजोको आजै वा निकट भविष्यमा स्वास्थ्य सेवामा उल्लेख्य सुधार गर्न सक्दैन। यसका लागि सबै सरोकारवालासँग परामर्श गरेर स्वास्थ्य क्षेत्रको सुधारका लागि दीर्घकालीन नीति र कार्यक्रम बनाउनु जरुरी हुन्छ । यस्ता नीति र कार्यक्रमहरू पहिले पनि नबनेका हैनन्, तर राजनीतिक अस्थिरताका कारण स्वास्थ्यमन्त्रीले पूरै पाँच वर्ष वा संसद्को अवधिभर नरहने तथा मन्त्रीकै पनि दृढ इच्छाशक्ति नहुँदा विगतमा सरकारका नीति र कार्यक्रमहरू बीचैमा अलपत्र गर्ने गरेका छन् । नयाँ आउने स्वास्थ्यमन्त्री वा उसको दलको आ-आफ्नै प्राथमिकता र कार्यक्रम हुने हुनाले पहिलेको मन्त्रीका प्राथमिकता, राम्रा नीति र कार्यक्रमहरूलाई निरन्तरता दिने प्रचलन पनि छैन ।

त्यस्तै, स्वास्थ्य क्षेत्रमा स्रोत र साधनको कमी, स्वास्थ्य कार्यक्रमहरूको कमजोर कार्यान्वयन, फितलो मूल्यांकन र अनुगमन पद्धति, कर्मचारीमा




निकाय र व्यक्तिहरूलाई सुधारको कार्ययोजनामा सहभागी गराउनु हो । स्वाभाविक छ, स्वास्थ्य सेवा स्वास्थ्यकर्मीहरूले प्रदान गर्छन् । उनीहरूको संलग्नता, उत्साहपूर्ण सहभागिता र सहयोगविना कुनै पनि कार्यक्रम सफल हुँदैन र सुधार कार्यक्रमले अपेक्षित उद्देश्य पूरा हुन सक्दैन । त्यसैले, कुनै दीर्घकालीन कार्यक्रम तय गर्नुपूर्व सम्बन्धित पक्ष, निकाय, व्यक्ति र सेवा प्रदान गर्ने पेसाकर्मीहरूसँग परामर्श गर्नु जरुरी हुन्छ। यसका लागि समय लाग्न सक्छ तर परामर्शका लागि लाग्ने समयले राम्रो र उचित प्रतिफल दिन्छ ।

केही आशा र महत्त्वाकांक्षा बोकेर देशको स्वास्थ्य क्षेत्रको नेतृत्व सम्हालेका स्वास्थ्यमन्त्री प्रदीप पौडेलले हालसालै सार्वजनिक गरेको आफ्नो १०० दिनमा भएका मुख्य कामको सूची हेर्दा संघीय तहमा धेरै नै सुधारका कामहरूले सुरुआत गरेको देखिन्छ । सुरुआतमै घोषणा गरेको बिमा पाँच लाख रूपैयाँ पुऱ्याउन सकिने विषय कार्यान्वयनमा जाने हो भने देशको स्वास्थ्यमा आमनागरिकको पहुँच वृद्धिका लागि महत्त्वपूर्ण प्रभाव पार्ने छ । उनले घोषणामात्र नगरी स्रोत बढाउन सकिने व्यावहारिक मार्ग पनि देखाएका छन् । प्रधानमन्त्रीलेसमेत चासो राखेको यो विषयमा मन्त्रीको निर्णयसँगै प्रधानमन्त्रीकोसमेत इच्छाशक्ति र समर्थन रहने हो भने देशको स्वास्थ्य सेवामा निकै महत्त्वपूर्ण दूरगामी निर्णय यो बन्ने छ।

देशमा जटिल समस्याका रूपमा देखिन थालेको क्यान्सर रोगको उपचार सातै प्रदेशमा थाल्ने निर्णय सामान्यमात्र होइन, संघीय देशका प्रदेश तहमा स्वास्थ्य सेवाको विस्तार अनि आमनागरिकको स्वास्थ्य समस्या सम्बोधन गर्ने दूरगामी सकारात्मक सुरुआत मान्न सकिन्छ । यही समयमा सहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्रले मुटु उपचार सेवा सातै प्रदेशमा विस्तार गर्नेगरी गरेको निर्णयले अर्को दूरगामी प्रभाव पार्ने छ । केही सहरमा मात्र सीमित विशेषज्ञ उपचार प्रदेशका केन्द्रमा रहेका सरकारी अस्पतालमा पुऱ्याउन सक्ने हो भने त्यसले देशको स्वास्थ्य क्षेत्रको रूपान्तरण र आमनागरिकको घटेको छैन भनेर सामाजिक सञ्जालमा व्यक्त गरेका प्रतिक्रियाले उनीहरूमा यसप्रति आशा भए पनि नतिजा सोचेजस्तो नआएकामा असन्तोष देखिन्छ । त्यसलाई सम्बोधन गर्न धेरैले बुझ्न सक्नेगरी प्रणालीबारे प्रचारप्रसार अनि गुनासो सम्बोधनमा तदारुकता देखाउन जरुरी छ। निर्णय गरेर मात्र हुँदैन व्यावहारिक कार्यान्वयन मुख्य विषय हो ।

संघीय अस्पतालमा दुई सिफ्टमा ओपिडी सेवा सुरु, लामो समयदेखि सम्बोधन हुन नसकेको चिकित्सकहरूको समायोजनमा देखिएका समस्या सम्बोधन गर्न मन्त्रीले गरेको निर्णयले धेरै चिकित्सकलाई राहत दिएको महसुस गर्न सकिन्छ। तर, यससँगै चिकित्सक अभाव पूर्ति गर्न अझ ठोस कदम स्वास्थ्यमन्त्रीले चाल्नुपर्ने आवश्यकता छ । यसका लागि अन्य मन्त्रालयसँगसमेत समन्वय गरेर स्रोतको व्यवस्थापन गर्न लाग्नुपर्ने आवश्यकता देखिन्छ । वीर अस्पताल तथा देशमा हालसम्म व्यावहारिकरूपमा सञ्चालन हुन नसकेको श्वासप्रश्वाससम्बन्धी विशिष्टीकृत जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास केन्द्रलाई ३०० शयचा निर्माणका लागि छिमेकी भारतसँग समझदारीको काम अघि बढ्नु वास्तवमै महत्त्वपूर्ण छन् ।

अस्पतालको स्तरोन्नति प्रस्तावलगायतका कार्य संघीय अस्पताल केन्द्रित देखिन्छन् । केही नीतिगत र अन्य तहगत सुधारका कामहरू पनि छन् । अब यस्तै सुधारको कार्यक्रमहरू स्वास्थ्य क्षेत्रको हरेक तह, विषयगत क्षेत्र र सेवा प्रदायकहरूमा तत्काल तय गर्ने र सुधारको प्रत्याभूति हरेक जनताले महसुस गर्नेगरी लागू गर्नुपर्ने देखिन्छ ।

स्वास्थ्य सेवाहरूलाई सामान्यतया स्वास्थ्य संस्थाहरूले प्रदान गर्ने सेवाको स्तर र बिरामीलाई गर्नुपर्ने हेरचाहको जटिलताको आधारमा विभिन्न श्रेणी वा स्तरहरूमा वर्गीकृत गरिन्छ। जस्तैः प्राथमिक वा सामुदायिक, विशिष्ट, अतिविशिष्ट स्वास्थ्य सेवा आदि । यी हरेक तह वा स्तरहरूको बीच समन्वय, सहकार्य र सहयोग भएन भने स्वास्थ्य सेवाको सम्बन्ध छुट्छ वा टुट्छ । साथै, यीमध्ये कुनै तह वा श्रेणी कमजोर भयो भने पनि स्वास्थ्य सेवाको पहुँच जवाफदेहिता र जिम्मेवारीपनको कमी, पदीय दायित्वमा राम्राभन्दा हाम्राहरूको हालीमुहाली आदि कारणले पनि स्वास्थ्य सेवामा भनेजस्तो सुधार हुन सकेको छैन । यी कमजोरीहरू हटाउन सबै दलको राजनीतिक प्रतिबद्धताले मात्रै पुग्दैन, हरेक तह र क्षेत्रमा व्यापक सुधार र रूपान्तरण गर्नुपर्ने देखिन्छ ।

विगतको तथ्यांक हेर्दा मातृ एवं बाल स्वास्थ्यको क्षेत्रमा नेपालमा भएका सुधार र उपलब्धिको अन्तर ाष्ट्रिय क्षेत्रबाट खुलेरै तारिफ भएको छ । यस्तै, काम अब कुनै एक क्षेत्रमा मात्रै हैन, समग्र स्वास्थ्य क्षेत्रको आमूल रूपान्तरण गर्न वर्तमान सरकार, स्वास्थ्य मन्त्रालय र मन्त्रीको भूमिका महत्त्वपूर्ण हुन्छ । स्वास्थ्य क्षेत्रमा भएका कमी कमजोरी र सुधार गर्नुपर्ने कामहरूबारे स्वास्थ्य मन्त्रालयका अधिकारीहरूलाई जानकारी नै छ । तर, ती कमी कमजोरीहरूलाई कसरी सुधार गर्ने र त्यसका लागि स्रोत र साधनको व्यवस्था कसरी गर्ने भन्ने कुरा महत्त्वपूर्ण हो । यो काम मन्त्रालयका उच्च पदाधिकारीहरूको दीर्घकालीन सोच, प्रतिबद्धता र कुशल नेतृत्वले मात्रै सम्भव छ ।

जहाँ समस्या हुन्छ, त्यहाँ समस्याको समाधान पनि हुन्छ । समस्याको समाधान स्वचालित वा यन्त्रवत्रूपमा आफैं हुने हैन । आ-आफ्नो क्षेत्रमा भएका समस्याहरूको पहिचान गरी समाधान गर्न पद्धति, प्रणाली र संयन्त्रको व्यवस्था गरिएको हुन्छ । यसैका लागि सरकार, नीति नियम, विभिन्न संरचना, निकायहरू, नागरिक समाज आदि हुन्छन् । नेपालको संविधान, २०७२ ले व्यवस्था गरेबमोजिम स्वास्थ्यसम्बन्धी जनताको मौलिक हक र अधिकार सुनिश्चित गर्न, सर्वसुलभ र सुपथरूपमा स्वास्थ्य सेवा उपलब्ध गराउन राजनीतिक दल, नेता, सरकारी निकाय र संयन्त्रले अहिले नै आ-आफ्नो ठाउँबाट उचित कदम राख्ने हो भने नेपालको स्वास्थ्य क्षेत्रमा व्यापक सुधार र रूपान्तरण गर्न सम्भव छ । रासस

*(लेखक बेलायतमा स्वास्थ्य सेवा व्यवस्थापनको क्षेत्रमा परामर्शदाता र विश्वविद्यालयमा प्राध्यापकका रूपमा कार्यरत छन्)*

# जाडोयाम सुरुभएसँगै बासस्थानको चिन्तामा बाढीपीडित

■ पेमा लामा

**काभ्रेपलाञ्चोक–** गत असोज १० देखि १२ गतेसम्म परेको अविरल वर्षाका कारण गएको बाढीपहिरोले घरबारविहीन भएकाहरू जाडोयाम सुरु भएसँगै कसरी न्यानो बासस्थानको व्यवस्था गर्ने भन्नेमा चिन्तित छन् ।

बेथानचोक गाउँपालिका वडा नं २, ३, ४ र ५ मा बाढीपहिरोबाट बढी क्षति भएपछि सो क्षेत्रका नागरिक अहिले कोही वृद्धाश्रम, कोही आफन्तको घरमा आश्रय लिएर बसिरहेका छन् । कतिपय बासस्थान सबै बाढीपहिरोले नष्ट गरेपछि विस्थापित भएका छन् ।

बेथानचोक गाउँपालिका-२ मा बाढीले बगाएर क्षतिग्रस्त घर नजिकै काममा व्यस्त डल्लीकुमारी श्रेष्ठले जाडोयाम सुरु भएसँगै न्यानो बासस्थानको व्यवस्था कसरी गर्ने भन्ने चिन्ता लाग्न थालेको बताइन् । गत असोज १२ गते गएको पहिरोले घरमाथिबाट बगाउन थालेपछि घरदेखि हिँडेर पारी पाखामा पुगेर सुरक्षित महसुस भएको उनले सुनाइन् । बेथानचोक-२ बनेपाली टोलमा बस्दै आएकी श्रेष्ठले बाढीपहिरोले घरबार सबै बगाएपछि बस्ती नजिकैको महादेवथानमा रात कटाउँदै आएकी छन् । खाना पकाउने र खाने भत्केको भग्नावशेषमा गर्दै आएको बताउँदै उनले जाडोमा न्यानो कसरी हुने भन्ने चिन्ताले पिरोल्न थालेको उल्लेख गरिन् ।

'पहिलापहिला वर्षा हुँदा गाउँ मुनि रहेको खोला गड्गडाएर वेगले बगे पनि अहिलेको जस्तो सबै बस्ती र बाटोघाटो भने बगाएको थिएन,' श्रेष्ठले भनिन्, 'यसपालिको वर्षाले भएको घर बगायो, माथि रहेको बारी पनि पहिरोले बगायो ।' बाढीपहिरोले सबै बगाएपछि बस्न उपयुक्त जमिनसमेत नभएको उनले बताइन् ।

भत्केको घरको अवस्था देखाउँदै ५७ वर्षीय गोपालबहादुर श्रेष्ठले एक्कासि आएको बाढीले घर बगाएपछि केही निकाल्न पनि नपाएको पीडा सुनाउँदै दुई रातसम्म पारिपट्टी रहेको छिमेकीको घरमा बास बसेको बताए । जाडो सुरु भइसकेकाले राज्यले न्यानो बासस्थान व्यवस्थापन यथाशीघ्र गर्नुपर्नेमा उनले जोड दिए ।

भएको सबै जग्गा जमिन बगाएर अहिले कहीँकतै बस्ने ठाउँ नभएको बताउँदै गोपालबहादुरले आफ्नो आर्थिक अवस्था कमजोर भएकाले पुनर्निर्माण र पुनःव्यवस्थापनमा राज्यले आवश्यक सहयोग गर्नुपर्नेमा जोड दिए । पीडितको अवस्था र आवश्यकताका आधारमा पुनःस्थापनाको काम गर्न स्थानीय सरकार तथा सरोकार भएकालाई उनले अनुरोध पनि गरे ।

गोपालबहादुरजस्तै नवराज श्रेष्ठको पनि सबै घरबार र सम्पत्ति बगाएपछि विस्थापित जीवन बिताउँदै छन् । विपद्मा परेर करिब तीन सातादेखि कष्टकर जीवन गुजार्दै आउनुभएका उनले तत्काल राज्यले बस्ने घर, खाने अन्नपात र लत्ताकपडाको व्यवस्था गर्न आग्रह गरे ।

स्थानीय कृष्णबहादुर श्रेष्ठले तत्कालका लागि खाद्यान्नसँगै बस्ने बासस्थानको व्यवस्थापनमा राज्यले प्राथमिकता दिएर काम गर्नुपर्ने बताए । उनले पीडितको अवस्था र आवश्यकतालाई ध्यान दिँदै पुनःस्थापनाको काम गर्नुपर्नेमा जोड दिए ।

गाउँको तलतिर खोलाले तानेको र माथिबाट पहिरोले पुरेकाले आफूहरू त्यस ठाउँमा बस्न नसक्ने अवस्थामा पुगेको कृष्णबहादुरको भनाइ छ । बाढीले सबै बगाएपछि बास बस्ने उपयुक्त जग्गा नभएको भन्दै स्थानीय सरकार र सरोकार भएका निकायले यथाशीघ्र बासस्थानको व्यवस्थापन गर्नुपर्नेमा जोड दिए । स्थानीय सानुकान्छा श्रेष्ठले भएभरको सबैवस्तु बगाएर परिवारको बिचल्ली भएको भन्दै सरकारले सुरक्षित घरसहित खानाको व्यवस्थापन गरिदिन आग्रह गरे । घरमाथिको बारी पहिरोले बगाएको र घर तलतिर रहेको खोलाले बगाएर लगेपछि अहिले पाटीको बास भइरहेको उनले सुनाए ।



बेथानचोक-३ का स्थानीय पदमबहादुर श्रेष्ठले बगाएर रहेको थोरै जमिनमा पनि माथिबाट लड्नै लागेको ठूलो ढुंगाको त्रासले थप पीडा दिने गरेको बताए । बाढीले चिरा पारेको बारीलाई कमाइ खाने थलो बनाउने वातावरण सिर्जना गरी घरको व्यवस्थापनका लागि राज्यले सहयोग गर्नुपर्ने उनको भनाइ छ । बाढीपहिरो जानुअघिका सुन्दर गाउँबस्ती बगाएपछि बस्ने घर, बारी सबै नष्ट भएपछि बेथानचोकको अस्तित्व नै समाप्त भएको उनले बताए ।

बेथानचोक-२ का पूर्ववडाध्यक्ष दिलबहादुर श्रेष्ठले जाडो बढ्दै आएकाले ज्येष्ठ नागरिक, बालबालिका तथा सुत्केरी महिलाको सुरक्षाका लागि स्थानीय सरकारले संघीय सरकारसँग आवश्यक समन्वय गरी उचित व्यवस्थापन गर्नुपर्ने बताए । पुनर्निर्माणका लागि गाउँपालिकाको स्रोतले मात्रै नपुग्ने भएकाले प्रदेश र संघ सरकारले आवश्यक सहयोग गर्नुपर्नेमा उनले जोड दिए ।

गाउँपालिकाका पूर्वअध्यक्ष प्रेमबहादुर तिमल्सिनाले पालिकाभित्रको चार/पाँच ठाउँमा बस्ती बस्न नसक्नेगरी बाढीले बगाएकाले ती बस्तीका नागरिकलाई तत्काल व्यवस्थापनका लागि तीनै तहका सरकारले आवश्यक पहल गर्नुपर्ने बताए । पीडित परिवारलाई जीविकोपार्जन र बासस्थानको व्यवस्थापनमा सबै निकायबीच सहकार्य र समन्वय हुनु आवश्यक रहेकामा उनले जोड दिए ।

बाढीपहिरो गएको तीन साताभन्दा बढी भइसकेको अवस्थामा पुनःस्थापनामा ढिलाइ हुँदा ज्येष्ठ नागरिक, बालबालिका, सुत्केरी तथा गर्भवती बढी प्रभावित भएका छन् । एकातिर बस्ने न्यानो ठाउँ नभएको, अर्कोतिर भोक लागेको बेलामा निकालेर खाने अन्नपात केही नभएपछि अधिकांश परिवार बिचल्लीमा परेका छन् ।

बेथानचोक गाउँपालिका अध्यक्ष भगवान अधिकारीले समस्यामा परेका नागरिलाई उद्धार र राहत उपलब्ध गराउनेदेखि सडक, विद्युत्, सञ्चारको काम सकिएर पुनःस्थापना र पुनर्वासको काममा केन्द्रित हुनेतर्फ स्थानीय सरकार लागिरहेको जानकारी दिए । पुनःस्थापना कार्यमा आवश्यक सहयोग गर्न विभिन्न संघसंस्थासँग समन्वय गरिरहेको भन्दै जाडोयाम अघि जोखिमयुक्त परिवारको पहिचान गरी पुनर्वासको व्यवस्था गरिने उनले उल्लेख गरे ।

पालिकाले गरेको आग्रहअनुसार नबिल बैंकले १०० अस्थायी आवास बनाउन सहयोग गर्ने सहमति भइसकेको अध्यक्ष अधिकारीले जानकारी दिए । व्यक्तिगत घरसँगै विद्यालय भवन, स्वास्थ्य संस्थालगायत सार्वजनिक सम्पत्तिमा पुगेको क्षतिको आवश्यक मर्मत, रङरोगन, पुनर्निर्माण र स्थानन्तरण गर्नुपर्ने भएकाले सोहीअनुसारका काममा पालिका केन्द्रित भइरहेको उनले बताए ।

पालिकाभरमा सातसय घर पूर्णरूपमा क्षति हुनुका साथै ५०० घरमा आंशिक क्षति, २३ विद्यालय र पाँचवटा स्वास्थ्य संस्थामा आंशिक क्षति पुगेको गाउँपालिकाका अध्यक्ष अधिकारीले जानकारी दिए । पीडितलाई तत्काल अस्थायी आवासको व्यवस्था गरी जाडोबाट जोगाउने काममा स्थानीय सरकारले आवश्यक पहल र समन्वय गरिरहेको उनले बताए । *रासस*

## फोहोरजन्य वस्तु बिक्री गरी आम्दानी

**तनहुँ (प्रस)–** जिल्ला सदरमुकामस्थित व्यास नगरपालिकाले फोहोरजन्य वस्तु बिक्री गरी दुई लाख रूपैयाँभन्दा बढी आम्दानी गरेको छ । फोहोर संकलन गरी पुनः प्रयोगयोग्य बनाइएका विभिन्न वस्तु बिक्री गरी नगरपालिकाले दुई लाख १७ हजार रूपैयाँ आम्दानी गरेको हो ।

नगरपालिकाले पानीका बोतल, आल्मुनियम, टिन, फलाम, कपी किताब, गत्ता, टुक्रा कागज, सिसालगायत पुनः प्रगोग गर्न मिल्ने वस्तु बिक्री गरी दुई लाख १७ हजार रूपैयाँ आम्दानी गरेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत काशीराम गैरेले जानकारी दिए । नगरले गत भदौ ८ गतेदेखि फोहोरको सूक्ष्म वर्गीकरण थालनी गरेको थियो । गत साउनदेखि सिसा उठाउन सुरु गरेको थियो ।

करिब एक लाख रूपैयाँबराबरका एलडी, एचएम, पिपी, गुडियालगायत सामानहरू बिक्रीका लागि तयारी अवस्थामा राखिएको गैरेले जानकारी दिए । उनले भने, 'ती सामग्रीहरू बिक्रीका लागि तयारी अवस्थामा छन् । तिहारअघि बिक्री गर्नेछौं ।'

फोहोरमैला व्यवस्थापनको चुनौती भइरहेकाले नगरपालिकाले घरबाटै फोहोर वर्गीकरण गरी संकलन गर्न थालेको हो । कुहिने र नकुहिने फोहोरलाई छुट्टाछुट्टै वर्गीकरण गरी संकलन गर्ने र बिक्री गर्न योग्य फोहोरबाट आम्दानी गरिएको व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले जानकारी दिए । उनले भने, 'एकैठाउँमा सबै फोहोर संकलन गर्दा समस्या हुने भएकाले कुहिनेलाई छुट्टै गाडीमा र नकुहिनेलाई छुट्टै गाडीमा संकलन गरिरहेका छौं ।'


## मोटरसाइकल हरायो

मिति २०८१/०६/१८ गते का.जि. का.न.पा. खुसिबुँ नयाँबजार स्थित कारखाना नजिक बेलुकी १९:३० बजेको समयमा पार्किङमा रहेको बजाज कम्पनीको पल्सर 220CC रातो कालो रङको बा. प्र. ०२-०५१प५७९० नम्बरको मोटरसाईकल हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरीदिनु होला ।

सवारी धनीः **भरत बहादुर खतिवडा**
ठेगानाः दोलखा जि. कालिन्चोक गा.पा.३
सम्पर्क नं. : 9863913353
च्या.नं. : MD2A13EX9RCB-80774
ई.नं. : DKXCRA-16794

## मोटरसाइकल हराएको सूचना

मिति २०८१।०७।०५ गते काठमाडौं जिल्ला, म्हेपी-१६, गुनगुने क्याफे अगाडी पार्किङ गरी राखेको अवस्थामा कालो, रातो रङ्गको 150 CC Pulsar मोटरसाइकल साँझको करिब ६:०० बजेतिर हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**धनीको नाम : प्रलाद न्यौपाने**
**बाइक नं.: बा.प्र. ०२-०५१ प ३०५९**
**च्यासिस नं.: MD2A11CX1RPB55657**
**इन्जिन नं. : DHXPRB 71230**
**ठेगानाः नुवाकोट, पन्चकन्या-१**
**सम्पर्कः ९८४०१३३०४६**

## साउदीमा रोजगार

कम्पनीः ABDULLAH ABDUL RAHMAN AL-ATTALLAH TRANSPORT CORPORATION

पुनः स्वीकृत मिति : २०८१/०७/०७ | पूर्व स्वीकृत मिति : २०८०/१०/०९ | LT. No. 312626 | चलानी नं ६०२२७०२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck/Trailor Driver | 6 | 0 | 1800 | ६४,५२१ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कात्तिक १५ गते (31th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने /नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोषकसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रु. २३०८/- कामदारले तिर्ने | रु. १५००/ कामदार आफैंले | १०,०००/- | रु. ७००/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SAGARMATHA
Sagarmatha International Employment Pvt. Ltd.
K.B INTERNATIONAL EMPLOYMENT (P) LTD
Airport, Kathmandu, Nepal. Tel : 015916758/59, Mobile: 9851209638, 9851027865, 9823810701, E-mail:infokbintl@gmail.com
Web: www.kbemployment.com E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com.

## साउदीमा रोजगार

कम्पनी : Anwar Tarif Contracting Company Is A One Person Limited Liability Company

पूर्व स्वीकृति मिति : २०८१/04/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/०७ | LT. No. 308044 | चलानी नं. ६०२२२७९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Agent | 2 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Allwin Technical Services LLC

पूर्व स्वीकृति मिति : २०८१/०७/०७ | LT. No. 312450 | चलानी नं. ६०२२७००२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 3 | 0 | 1200 | ४४,०५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Mason (Nepal) | 3 | 0 | 1200 | ४४,०५५ | | | | | | | |
| 3 | Steal Fixer | 25 | 0 | 1200 | ४४,०५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कार्तिक १५ गते (31st Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD. | श्रम इजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## कुवेतमा रोजगार

कम्पनी : JOOMLA FOR GENERAL TRADING COMPANY | सेवा शुल्कः १०,000

पूर्व स्वीकृति मिति : २०८१/०७/०७ | LT. No. 312575 | चलानी नं.६०२२७०२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Small car driver | 2 | 0 | 140 | ६१,४७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Store Keeper | 3 | 0 | 150 | ६५,८७० | | | | | | | |

कम्पनी : Wasila Management Consulting Company

पूर्व स्वीकृति मिति : २०८१/०७/०७ | LT. No. 312576 | चलानी नं.६०२२७०२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Receptionist/Front Desk Agent | 0 | 1 | 250 | १०९,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज २१ गते (7th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## Belaka Municipality
## Belaka Nagar Aspatal
**Rampur, Udayapur**

## Invitation for Bids

***First Date of Publication: October 24, 2024 (2081.07.08 B.S.)***

Belaka Nagar Aspatal, Rampur, Udayapur invites electronic bids from eligible suppliers for the following goods.

| S.N. | Contract Identification Number | Description of Goods | Bid Security Amount (NRs.) | Bid Validity Period | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1 | 02/BNH/GOODS/ 2081-082 | Procurement and Supply of General Medicine | 3,00,000 | 90 days | 3,000.00 |

Interested eligible suppliers may visit E-procurement section of PPMO's Website: https://www.bolpatra.gov.np/egp/

**Chief of Nagar Aspatal**

## कनकाई नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
जामुनवारी, झापा, कोशी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः २०८१/०७/०८

यस कार्यालयबाट मिति २०८१ भादौ २७ गते (तदनुसार 12 September 2024) को प्रभाव राष्ट्रिय दैनिक-मा नगर हस्पिटलको बीमा फार्मेसीमा आवश्यक औषधी तथा औषधीजन्य सामग्रीहरु खरिदका लागि विद्युतीय बोलपत्र आह्वान भए अनुसार प्राप्त बोलपत्रहरु मध्ये तपशिलमा उल्लेखित बोलपत्रहरु न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएकाले स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ तथा सोही ऐनको दफा ४७ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशील

| सि.नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम ठेगाना | औषधी तथा औषधीजन्य सामग्रीहरुको संख्या | कुल कबोल रकम (भ्याट सहित) |
|---|---|---|---|---|
| १ | Procurement of Medicine and Related Items for Hospital Pharmacy and Hospital Use Kanakai/ NCB/ Goods/ 1/2081–82 | श्री कालिमा ड्रग डिस्टिव्युटर, अर्जुनधारा नगरपालिका, झापा | ७७ | रू. २२,३७,३८८०/- अक्षरेपी बाईस लाख सइतिस हजार तिन सय अठासी रुपैया असी पैसा मात्र |
| २ | | श्री अमन फार्मेसी, विर्तामोड, झापा | ६६ | रू. १५,५२,९६०/- अक्षरेपी पन्द्र लाख बाउन्न हजार नौ सय साठी रुपैया मात्र |
| ३ | | मेडि पोईन्ट ईन्टरनेशनल प्रा लि गौरीधारा काठमाडौं | ९१ | रू. ११,४७,०५२/- अक्षरेपी एघार लाख सइचालिस हजार बाउन्न रुपैया मात्र |
| ४ | | विशु मेडिसेल्स प्रा लि बिराटनगर मोरङ्ग | ६७ | रू.२२,४२,४५९/- अक्षरेपी बाईस लाख बयालिस हजार चार सय उनान्साठी रुपैयामात्र |
| | जम्मा | | ३०१ | रू.७१७९,८५९.८०/- अक्षरेपी एकहत्तर लाख उनासी हजार आठ सय उनान्साठी रुपैया असी पैसामात्र |

बोधार्थ
सम्पूर्ण Procurement of Medicine and Related Items for Hospital Pharmacy and Hospital Use Kanakai/NCB/Goods /1/2081–82 सँग सम्बन्धित बोलपत्र दाताहरु

## चौदण्डीगढी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
बेल्टार, उदयपुर
कोशी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

कार्यालयमा प्रकाशित मितिः २०८१/०७/०७ (पत्रिकामा प्रकाशित मितिः २०८१/०७/०८)

उपरोक्त सम्बन्धमा यस नगरपालिकाद्वारा विभिन्न मितिमा प्रकाशित विद्युतीय बोलपत्र आह्वानको सूचना अनुसार निम्न ठेक्का न. को लागि रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये मुल्यांकन समितिको सिफारिसको आधारमा निम्न बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि छनोट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम उक्त बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

तपसिलः

| सि.नं. | ठेक्का न. | कामको विवरण | स्वीकृतीको लागि छनोट गरिएको बोलपत्रदाताको नाम र ठेगाना | जम्मा कबोल अंक रु. | कै. |
|---|---|---|---|---|---|
| १ | 01/CGM/ NCB/081/082 | Supply and delivery of various items | Rimal Enterprises, Kathmandu | २२,२७,५०१.२० (अक्षरुपीः बाईस लाख, सत्ताइस हजार, पाँच सय र एक रुपयाँ र बिस पैसा) मु.अ. कर समेत | |
| २ | 02/CGM/ NCB/081/082 | Supply and delivery of various medicine in municipality | Dalima Medi sales, Kathmandu | १५,०९,९१०.८० (अक्षरुपीः पन्द्र लाख, नौ हजार, नौ सय र दस रुपयाँ र असि पैसा) मु.अ. कर बाहेक | |

चौदण्डीगढी नगरपालिका कार्यालय

# प्रभाव दैनिक

बिहीबार, ०८ कात्तिक २०८१ (Thursday, October 24, 2024)





## 'राजागञ्ज' चैत १ गतेबाट

फिल्म 'राजागञ्ज' आगामी चैत १ गतेबाट सार्वजनिक प्रदर्शनमा आउने भएको छ । भेनिस, बुसानलगायतका अन्तर्राष्ट्रिय फेस्टिभलमा 'पूजा सर'को नामले प्रिमियर भएको फिल्म नेपालमा भने 'राजागञ्ज'को नामबाट प्रदर्शन हुन लागेको हो । फिल्मको निर्माता रामबाबु गुरूङ, दयाहाङ राई र बलिउड निर्माता निर्देशक अनुराग कश्यप हुन् । फिल्मलाई टी फेक्स र ब्यांकटेश इन्टरटेनमेन्टले संयुक्त रुपमा वितरण गर्न लागेका हुन् । फिल्मको निर्देशन दीपक रौनियारले गरेका हुन् । रौनियारले यसअघि 'हाइवे' र 'हइट सन्' निर्देशन गरेका थिए ।



# गैरसदस्य निर्माताले निःशुल्क प्रोमोको सुविधा नपाउने




■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म रिलिजको समयमा हलमा निःशुल्क प्रोमो, ५० प्रतिशत सेयरको सुविधा प्राप्त गर्न अब निर्माता संघको सदस्य अनिवार्य बन्नुपर्ने भएको छ । चलचित्र निर्माता संघले आफ्नो सदस्य नरहेका व्यक्तिलाई संघ मार्फत प्राप्त भएका विभिन्न सेवा सुविधाबाट वञ्चित गर्ने निर्णय गरेको हो ।

संघको कार्यसमिति बैठकले यस्तो निर्णय गरेको निर्माता संघका अध्यक्ष नवल खड्काले जानकारी दिए । 'निर्माता संघले चलचित्र संघसँग विभिन्न सेवा सुविधाका लागि जतिपनि सहमति गरेको छ । त्यो संघको सदस्यका लागि मात्र हो', नवलले भने, 'हामी सदस्यका लागि लड्ने, त्यसको फाइदा बाहिरले लिने । म त्यो हुन दिन्न ।' संघलाई बाइपास गरेर जाने र आफूहरूले लडेर ल्याएका अधिकार उपभोग गर्ने कार्य उचित नरहेको नवलको भनाई छ । कार्यसमिति बैठकको निर्णय कार्यान्वयनका लागि प्रदर्शक संस्था चलचित्र संघलाई लेखी पठाउने समेत निर्णय गरेको छ ।

गत वर्ष निर्माता संघ र चलचित्र संघबीच ५०-५० प्रतिशत सेयर बाँडफाँटको सहमति भएको थियो । यो सहमतिमा प्रदर्शक संस्थाका अध्यक्ष वीरेन्द्रनारायण श्रेष्ठ र निर्माता संघबाट अध्यक्ष खड्काले हस्ताक्षर गरेका थिए । त्यसको केही अगाडि फिल्म रिलिज गर्दा हलमा निःशुल्क १५ दिन प्रोमो बजाउने सुविधा समेत चलचित्र संघले निर्माता संघलाई दिएको थियो । 'महाजात्रा फिल्मलाई दुई संस्थाका निर्णयबाट ८४ लाख फाइदा पुग्यो', उनले भने, '१५ दिन हलमा ट्रेलर बजाउन तिर्नु नपर्दा पनि निर्मातालाई २० लाख बच्छ ।' पछिल्लो समय गैरसदस्यले निर्माता संघविरुद्ध सार्वजनिकरूपमा विभिन्न अभिव्यक्ति दिनथालेपछि संले यस्तो निर्णय गरेको खड्काले बताए ।

संघले एकै मितिमा दुईभन्दा बढी नेपाली फिल्म रिलिज नहुने व्यवस्था समेत गर्न लागेको छ । 'हामी हाम्रा सदस्यको अधिकारका लागि हमेशा लागि परेका छौँ', उनले भने, 'अब एकै मितिमा दुईभन्दा बढी नेपाली फिल्म रिलिज हुँदैन ।' यसका लागि छलफल समेत चलिरहेको खड्काले जानकारी दिए ।

# 'रंगी'को छायांकन सुरु

**काठमाडौं (प्रस)–** सान्भी इन्टरटेनमेन्ट प्रालिको व्यानरमा निर्माण हुने फिल्म 'रंगी' सुटिङ सुरु भएको छ । सलोन बस्नेत प्रस्तुतकर्ता रहने फिल्मको मङ्गलबारबाट सुटिङ सुरु भएको हो । सुरेश न्यौपानेको 'डेब्यू' निर्देशन रहने फिल्ममा फिल्ममा सलोन बस्नेत, नम्रता श्रेष्ठ, दिलीप रायमाझी, आयुषी ढकाल, उत्तम केसी, सुमिन गुरुङ, र विशाल पहारीको अभिनय रहनेछ । फिल्मको सुटिङ अवधि ३० दिनको रहने निर्माण पक्षले जनाएको छ ।

निर्देशक न्यौपानेसँग फिल्म 'छक्का पन्जा', 'ए मेरो हजुर २', 'यात्रा', 'म यस्तो गीत गाउँछु २', 'कृ'लगायतका फिल्ममा मुख्य सहायक निर्देशनको अनुभव छ । सक्षम सुवेदीको निर्माण रहने फिल्ममा सुमन गजमेरको लेखन, सौरभ लामाको छायांकन, दुर्गेश थापा, आमेश भण्डारी र भीम बिसीको संगीत, कविराज गहतराज र शिशिर खातीको कोरियोग्राफी तथा केवलमान सिंह बस्नेतको प्रोडक्सन हुनेछ ।


## RAJAPUR MUNICIPALITY
## OFFICE OF MUNICIPAL EXECUTIVE

Rajapur, Bardiya

Lumbini Province, Nepal

**Invitation for Bids**

**Invitation for National Competitive Bidding (NCB) for the Construction of Following Project**

**Bid Publication: 2081/07/08**

1. Rajapur Municipality Office of Municipal Executive, Bardiya invites National Competitive Bidding (NCB) from registered contractors for the construction of the following works.
2. For the Submission of Bid Security and bid document cost in the form of cash, the cash should be deposited in the following Account No.
   Bank Name: **Nepal Bank Limited Rajapur Branch Bardiya**
   Account Holders name: **Rajapur Municipality, Bardiya**
   Account No**: 02803000003000000001 (Dharauti account) for the bid Security cost.**
   Account No**: 02803000001001000001 (revenue account) for the bid document cost**.
3. Bidder must submit their bids electronically only.
4. The Employer reserves the right to accept or reject, wholly or partially any or all the bids without assigning any reason, whatsoever.
5. Rajaswa Sirsak No: 14219

**1. Table**

| S. N. | Contract ID. | Contract Name | Estimated Amount including VAT | Bid Document Cost (NRs.) | Bid Security Amount (NRs.) | Last Date of Bid Submission/ Opening | Bid Security Validity Date |
|---|---|---|---|---|---|---|---|
| 1. | 10/RM/NCB/W/ 2081/08 2 | वडा नं. २ को ने.रा.मा.वि. नयाँ गाउँको अधुरो भवन निर्माण | 8071678.58 | 3000.00 | 180000 | Bid Submission Date: 2081/08/09 12:00 Noon. Bid Opening Date: 2081/08/09, 13:00 pm | 120 days from the last date of bid submiss ion. |

**Note:** For further information please visit PPMO website www.bolpatra.gov.np/egp. or www.rajapurmun.gov.np

***Chief Administrative Office***

## फिक्कल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

खाङ्साङ्, सिन्धुली

बागमती प्रदेश, नेपाल

**सिलबन्धी दरभाउपत्र आव्हान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१/०७/०८**

यस फिक्कल गाउँपालिकाको आ.व. ०८१/८२ मा स्वीकृत (संघिय शसर्त अनुदान) कार्यक्रम अन्तर्गत तल उल्लेखित कार्य दरभाउपत्रको माध्यमबाट गराउनुपर्ने भएको हुँदा इजाजत प्राप्त व्यवसायीहरुबाट सार्बजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट Online Bidding गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरीएको छ ।

**तपशिल**

| S.N. | Contract No. | Description of works | Bid Security amount | Price of Bid document | Estimated cost with VAT | Bid Validity Period | Last Date of Bid Submission |
|---|---|---|---|---|---|---|---|
| 1. | FRM/Sindhuli/ Goods/SQ/ 03/081-82 | Procurement and Supply of Sanitary Pads Distribution and Management for School Girls. | Rs. 40,000.00 | Rs. 1,000.00 | Rs. 14,45,552.50 | 90 days | Before 2081-07-23 (Nov. 8, 2024 12.00 PM. |

**नोटः-** दरभाउपत्र सम्बन्धि अन्य कुरा बुझ्न परेमा www.phikkalruralmun.gov.np हेर्नहुन वा phikkalruralmun@gmail.com वा यस कार्यालयको फोन नं. ९८५४०४५३६२ वा ९८४९६१९९८६ मा सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## उर्लाबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

उर्लाबारी, मोरङ, कोशी प्रदेश, नेपाल

**बोलपत्र स्विकृत गरिएको आशयको सूचना**

सूचना प्रकाशित मितिः २०८१/०७/०८

यस कार्यालयबाट मिती २०८१।०५।३१ गते बोलपत्र मार्फत प्रथम पटक प्रकाशित सूचना ठेक्का नं कृ-२/२०८१/०८२ अनुसार कृषिचुन खरिद गर्ने सम्बन्धी रित पुर्वक कार्यालयमा दाखिला हुन आएका जम्मा ६ (छ) थान बोलपत्रहरु मध्ये निम्न बमोजिमको बोलपत्र न्यून मुल्याङकित भई सारभुत रुपमा प्रभावग्राही रहेको पाईएको हुदा सार्बजनिक खरिद ऐन २०६३ को नियम २७ को (१) र (२) बमोजिम बोलपत्र स्विकृतीको लागि छनौट गर्ने आशयको सूचना सम्वन्धित बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

निम्न

| सि.नं. | ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक भ्याट सहित |
|---|---|---|---|---|
| १ | कृ-२/२०८१/०८२ | कृषि चुन खरिद | श्री एस.एम.एस. एग्रि इन्टरप्राईजेज प्रा.लि. गोल्फुटार, काठमाडौ. | २६,१०,०००/- (अक्षरेपी छबिस लाख दश हजार रुपैयाँ मात्र) |

प्रमुख प्रशासकीय अधिकृत


रंगशाला

**महिला साफ च्याम्पियनसिप**

# भारतलाई हराउँदै बंगलादेश सेमिफाइनलमा

## सेमिफाइनल प्रवेशका लागि नेपाल र श्रीलंका आज भिड्दै

■ प्रभाव संवाददाता

**काठमाडौं–** दक्षिण एसियाको जायन्ट मानिएको भारतलाई पराजित गर्दै बंगलादेश साफ च्याम्पियनसिप २०२४ को सेमिफाइनलमा प्रवेश गरेको छ । बुधबार दशरथ रंगशालामा भएको खेलमा बंगलादेशकी तोहुरा खातुनको दुई गोलसँगै बंगलादेशले भारतमाथि ३-१ को जित दर्ता गरेको हो ।

भारतलाई पराजित गरेसँगै बंगलादेश समूह ए को विजेता बन्दै अन्तिम चारमा प्रवेश गरेको छ । बंगलादेशले दुई खेलबाट चार अंक पुऱ्यायो । भारत समान खेलबाट तीन अंकसहित अन्तिम चारमा प्रवेश गर्दा पाकिस्तान भने बाहिरिएको छ । पाकिस्तानले बंगलादेशलाई १-१ गोलको बराबरीमा रोकेको थियो । तर, भारतसँग भने ५-२ ले पराजित हुनपुग्दा समूहचरणबाट स्वदेश फर्किन बाध्य भयो ।

१९औं मिनेटमा बंगलादेशले सुरुआती अग्रता लियो । कप्तान सविना खातुनको कर्नरबाट आएको बललाई भारतीय गोलकिपर पानथोई चनुले पञ्च गर्दै बचाउने प्रयास गरेकी थिइन् । तर, राम्रोसँग क्लियर हुन नसकेको बललाई अफिदाले सिक्स यार्डनजिकबाट गरेको प्रहार टप कर्नरबाट गोलमा परिणत भयो । त्यस्तै खेलको बंगलादेशका लागि तोहुराले गोल गर्दै अग्रता दोब्बर पारेकी थिइन् ।

४२औं मिनेटमा तोहुराले व्यक्तिगत दोस्रो गोल गरिन् । सामसुनार जुनियरले मिलाइदिएको क्रसलाई तोहुराले पेनाल्टी बक्सनजिकबाट प्रहार गरेको बल सिधै जाली चुम्यो । लगत्तै बालादेवीले भारतका लागि पहिलो गोल फर्काइन् । डालिमा छब्बरको क्रसलाई गोलकिपर रूपनाले पञ्च गर्दै बचाउने प्रयास गरेकी थिइन् । राम्ररी क्लियर हुन नसकेको बललाई बालादेवीले हेडिङमार्फत गोल गरिन् ।

बिहीबार नेपालले सेमिफाइनल प्रवेशका लागि श्रीलंकासँग र माल्दिभ्सले भुटानसँग खेल्नेछ । समूह बी अन्तर्गत भुटान र माल्दिभ्सबीच दिउँसो साढे १ बजे खेल सुरु हुनेछ भने घरेलु टोली नेपालले साढे ५ बजे हुने खेलमा श्रीलंकासँग खेल्नेछ । घरेलु टोली नेपाल र भुटानको समान ४ अंक छ भने श्रीलंकाको ३ अंक छ । दुई हारपछि अंकविहिन माल्दिभ्स समूह चरणबाटै बाहिरिसकेको छ । अन्तिम खेलमा हार टारे नेपाल र भुटान सेमिफाइनल पुग्नेछ । श्रीलंकाका लागि भने सेमिफाइनल पुग्न नेपाललाई हराउनुपर्नेछ ।

# विश्वकप एसिया छनोट खेलका लागि महिला क्रिकेट टोलीको घोषणा

**काठमाडौं (प्रस)–** नेपाल क्रिकेट संघ (क्यान) ले आइसीसी यु-१९ महिला टी-२० विश्वकप एसिया छनोट खेलका लागि १४ सदस्यीय नेपाली टोलीको घोषणा गरेको छ ।

आगामी नोभेम्बर ४ देखि १४ तारिखसम्म संयुक्त अरब इरिमेट्स (युएई) मा हुने उक्त छनोट प्रतियोगिताको लागि पूजा महतोको कप्तानीमा १४ सदस्यीय टोलीको घोषणा गरेको हो ।

त्यसैगरी छनोट हुने टोलीको अन्य सदस्यीयमा सोनी पाख्रिन उपकप्तान, अलिसा यादव, साना प्रविन, ज्योत्स्निका मरासैनी, कुसुम गोदार, सावित्रा धामी, करिस्मा गुरुङ, मनिषा उपाध्याय, रिया शर्मा, सिमना केसी, स्नेहा महरा, रचना चौधरी र तिर्सना विक छन् । उक्त छनोट प्रतियोगितामा आयोजक युएईसँगै नेपाल, कुवेत र थाइल्याण्ड सहभागी हुनेछन् ।

# बंगलादेशमा प्रदर्शनकारीद्वारा राष्ट्रपति भवन कब्जा

## राष्ट्रपति साहाबुद्दिनको राजीनामा माग



**ढाका–** बंगलादेशका प्रदर्शनकारीहरूले राष्ट्रपति मोहम्मद साहाबुद्दिनको राजीनामामा माग गर्दै राष्ट्रपति भवन 'बंगभवन' कब्जा गरेका छन् ।

यसअघि मंगलबार दिउँसो प्रधानमन्त्री शेख हसिनालाई अपदस्थ गराउने नेतृत्वको समूह 'एन्टी-डिस्क्रिमिनेसन स्टुडेन्ट मुभमेन्ट'ले ढाकाको केन्द्रीय सहिद मिनारमा भएको ¥यालीमा राष्ट्रपतिको राजीनामासहित पाँचबुँदे माग घोषणा गरेको थियो ।

राष्ट्रपति साहाबुद्दिनको राजीनामा माग गर्दै मध्यराति बंग भवनतर्फ अघि बढेका प्रदर्शनकारीहरू सेनाले ब्यारिकेड लगाएर रोकेको जनाइएको छ । प्रदर्शनकारीहरूले बंगभवन बाहिर उभिएर बंगलादेशका राष्ट्रपतिको राजीनामा मागको नारा लगाएका थिए । 'राष्ट्रपति हसिनाको अधिनायकवादी सरकारका सहयोगी हुन् । उनले तुरुन्तै राजीनामा दिनुपर्छ,' एकजना प्रदर्शनकारीले भने ।

मोहम्मद साहाबुद्दिन बंगलादेशका १६औं राष्ट्रपति हुन् । उनी सन् २०२३ को राष्ट्रपति चुनावमा अवामी लिगको मनोनयनमा निर्विरोध निर्वाचित भएका थिए । भेदभाव विरोधी विद्यार्थी आन्दोलनले सन् १९७२ मा लेखिएको संविधान खारेज गर्न माग गर्दै सन् २०२४ को सन्दर्भमा नयाँ संविधान लेख्न आह्वान गरेको छ ।

त्यसैगरी विद्यार्थीहरूले अवामी लिगको विद्यार्थी संगठनमाथि प्रतिबन्ध लगाउन माग गरेका छन् । प्रदर्शनकारीहरूले सन् २०१८ र २०२४ मा हसिनाको नेतृत्वमा भएको चुनावलाई अवैध घोषणा गर्नुपर्ने र यी चुनावमा विजयी भएका सांसदहरूलाई अयोग्य ठहर गर्नुपर्ने माग गरेका छन् । उनीहरूले जुलाई-अगस्ट विद्रोहको स्फूर्तिलाई ध्यानमा राख्दै गणतन्त्रको घोषणा गर्न आह्वान गरेका छन् ।

सरकारी जागिरका लागि आरक्षण प्रणाली अन्त्य गर्न माग गर्दै जुलाईमा बंगलादेशमा विद्यार्थीहरूको नेतृत्वमा भएको विरोध प्रदर्शनले सरकार विरोधी प्रदर्शनको रूप लिएको हो । बढ्दो विरोधको पृष्ठभूमिमा हसिनाले ५ अगस्टमा प्रधानमन्त्रीको रूपमा राजीनामा दिएपछि बंगलादेशमा अन्तरिम सरकारको स्थापना भयो । हाल नोबेल पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा अन्तरिम सरकार गठन भएको छ । *रासस/एएनआई*

# बढ्दो हिंसाका कारण गाजामा पोलियो खोप अभियान स्थगित : डब्ल्युएचओ



**जेनेभा–** उत्तरमा तीव्र बमबारी र बढ्दो हिंसाका कारण गाजामा पोलियो खोप अभियानको अन्तिम चरण स्थगित गर्न बाध्य भएको विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ) ले बुधबार बताएको छ ।

घेराबन्दी गरिएको प्यालेस्टिनी क्षेत्रको मध्य र दक्षिणी भागहरूमा पहिले नै सम्पन्न भइसकेको खोप अभियानअन्तर्गत दोस्रो चरणको खोप बुधबार गाजा पट्टीको उत्तरमा सुरु हुने अपेक्षा गरिएको थियो । तर, डब्ल्युएचओले उत्तरी गाजामा एक लाख १९ हजार २७९ बालबालिकालाई खोप लगाउने अभियान स्थगित गर्न बाध्य भएको बताएको छ ।

इजरायलले यस महिना हमास लडाकुलाई पुनः समूहबद्ध हुनबाट रोक्ने वाचा गर्दै उत्तरी गाजामा भयानक हवाई र भूमि आक्रमण सुरु गरेको हो ।

'बढ्दो हिंसा, तीव्र बमबारी, सामूहिक विस्थापन आदेश, र उत्तरी गाजाको अधिकांश भागमा सुनिश्चित मानवीय विरामको अभावका कारण यो खोप अभियान स्थगित गरिएको थियो,' डब्ल्युएचओले भन्यो ।

'नागरिक पूर्वाधारमा चलिरहेको आक्रमणले उत्तरी गाजामा जनताको सुरक्षा र आवागमनलाई खतरामा पार्दै आएको छ, जसले परिवारहरूलाई आफ्ना बच्चालाई खोपका लागि सुरक्षितरूपमा ल्याउन साथै स्वास्थ्य कार्यकर्ताहरू सञ्चालन गर्न असम्भव बनाएको छ,' डब्ल्युएचओले बताएको छ । गाजा पट्टीमा २५ वर्षमा पोलियोको पहिलो घटना पुष्टि गरेपछि खोप अभियान सुरु भएको हो । *रासस/एएफपी*

# युक्रेनमा 'लडाइँ नबढाउन' चीनको जोड

**कजान (रुस)–** चीनका राष्ट्रपति सी चिनफिङले बुधबार ब्रिक्स समूहका नेताहरूलाई युक्रेनमा 'लडाइँ नबढाउन' आग्रह गरे । सम्मेलनमा रुसी समकक्षी भ्लादिमिर पुटिन पनि उपस्थित थिए । करिब विश्वका २० नेता मध्य सहर कजानमा भेला भएका छन् । ब्रिक्स सम्मेलन पुटिनले २०२२ मा युक्रेनमा सेना पठाएदेखि रुसमा भएको सबैभन्दा ठूलो कूटनीतिक मञ्च हो ।

बेइजिङले द्वन्द्वमा तटस्थ पक्ष भएको दाबी गर्दै आएको भए पनि तर पश्चिमी शक्तिहरूले मस्कोलाई कूटनीतिक र आर्थिक समर्थन प्रदान गरेको भन्दै कडा आलोचना गरेका छन् । मस्को चीनको लामो समयदेखिको सहयोगी रहीआएको छ । 'युक्रेन संकट लम्बिँदै गएको छ, स्थिति जतिसक्दो चाँडो शान्त होस् भनेर हामीले तीन सिद्धान्तहरूको पालना गर्नुपर्छ- युद्धक्षेत्रबाट फैलिन नदिने, लडाइँ नबढ्ने र सम्बन्धित पक्षहरूले आगोमा घिउ नथप्ने,' सीले बुधबार भने ।

यसैबीच, चीन परम्परागतरूपमा प्यालेस्टिनी पक्षप्रति सहानुभूतिशील रहेको भन्दै राष्ट्रपति सीले गाजामा सकेसम्म चाँडो 'युद्धविराम'का लागि बेइजिङको धारणा दोहोऱ्याए । 'सम्बन्धित पक्षहरूबीचको संघर्ष थप बढ्दै गएको छ,' उनले भने, 'हामीले हत्या रोक्नुपर्छ र प्यालेस्टिनी मुद्दाको व्यापक, न्यायोचित र दीर्घकालीन समाधानका लागि अथक प्रयास गर्नुपर्छ ।' *रासस/एएफपी*

## थाहा नगरपालिका
थाहा नगरपालिका (नेवारी/तामाङ लिपिमा)
### नगर कार्यपालिकाको कार्यालय
ईन्द्रायणी चौर, मकवानपुर
बागमती प्रदेश, नेपाल

### आयुर्वेद औषधी खरिदको शिलबन्दी दरभाउपत्र आव्हानको १५ दिने सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१/०७/०८)

यस थाहा नगरपालिकालाई आ.व. २०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत आयुर्वेद औषधी खरिद शिलबन्दी दरभाउ पत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले मू.अ.करमा दर्ता भएका ईच्छुक नेपाल सरकारबाट ईजाजत प्राप्त फर्म, सप्लायर्सहरुले रितपूर्वकको शिलबन्दी बोलपत्र तपशिलको शर्तहरु पालना हुने गरी सार्बजनिक अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np/egp मार्फत पेशगर्न हुन अनुरोध छ ।

तपशिल

| सि. नं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान मू.अ.कर (समेत) रु. | धरौटी रकम रु. | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १. | ०२/२०८१/०८२ | आयुर्वेद औषधी खरिद | ६,००,०००.०० | १८,०००.०० | १,०००.०० |

प्रमुख प्रशासकीय अधिकृत


## साउदीमा रोजगार
कम्पनी : AL-NAJM AL-THAQIB CONTRACTING CO.

पूर्व स्वीकृति मिति : २०८०/०९/२२ | पून: विज्ञापन स्वीकृति मिति : २०८१/०७/०६ | LT. No. 297727 | चलानी नं. ६०२२६४६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ship Mecanic | 2 | 0 | 1800 | ६४,६०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६४,६०० | | | | | | | |
| 3 | Crane Worker | 1 | 0 | 1200 | ४२,६०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १४ गते (30th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 297727 मिति: २०८१/०७/०७ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## साउदीमा रोजगार
कम्पनी : Obaid Mohammad Al Saadi Transport Company Branch.

पूर्व स्वीकृति मिति : २०८१/०४/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/०७ | LT. No. 307901 | चलानी नं. ६०२२२५८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Trailer Truck Driver | 1 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १५ गते (31st Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Muskan Overseas Pvt. Ltd.
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np


## बाह्रदशी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
चकचकी, झापा, कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति: २०८१/०७/०८

यस कार्यालयले मिति २०८१/०५/२३ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार तपशिलको बोलपत्रदाताले दाखिला गरेको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही देखिन आएकाले स्वीकृतीको लागी सिफारिस भई आएकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बद्ध सबैको जानकारीका लागि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि.न. | ठेक्का प्याकेज | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|
| १ | नि:शुल्क औषधी तथा औषधीजन्य सामाग्री खरिद (NCB/Bahradashi/Health/1/2081-82) | श्री सुमि मेडिहेल्थ प्रा. लि., कन्काई-८, झापा । | रू.१७,७४,३२१.५० |

प्रमुख प्रशासकीय अधिकृत

## कटारी नगरपालिका
### नगरकार्यपालिकाको कार्यालय
कटारी, उदयपुर

### आन्तरिक आय तर्फको विधुतिय-शिलबन्दी दरभाउ पत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०८१/०७/०८

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११घ (६), कोशी प्रदेश सरकारको आर्थिक ऐन, २०८१ को दफा ७ को उपदफा (१) सँग सम्बन्धित अनुसूची- ६ मा व्यवस्था भएको दर रेट, सार्वजनिक खरीद ऐन, २०६३ तथा नियमावली-२०६४, र कटारी नगरपालिकाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन व्यवस्था भएअनुसार देहाय बमोजिम आन्तरिक आय संकलनको लागि कटारी नगरपालिका क्षेत्र भित्र पर्ने नदी तथा खोलाको ढुङ्गा, गिटी तथा बलुवा उत्खन्, संकलन तथा विक्री गर्ने कार्य ठेक्काबाट तपशिलक बमोजिमका खण्डका न्युनतम अंकमा नघट्ने गरी आ.व. २०८१/०८२ को ठेक्का बन्दोबस्त गर्न विधुतिय-शिलबन्दी दरभाउ पत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिबाट तोकिएको म्यादभित्र कानूनी प्रकृया पूरा गरेका ठेक्का, लिन इच्छुक योग्य फर्महरूले तोकिएका शर्तहरूको अधिनमा रही शिलबन्दी दरभाउ पत्र खरीद गरी निर्धारित मिति र समय भित्र शिलबन्दी दरभाउ पत्र पेश गर्नुहुन अनुरोध गरिन्छ ।

ठेक्का विवरण:-

| क्र. सं | ठेक्का विवरण | ठेक्का नं. | परिमाण | न्युनतम ठेक्का मूल्य (मु.अ.क. बाहेक) | शिलबन्दी दरभाउ पत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | सिस्नेरी बगर क्षेत्र वडा नं. १ को नदीजन्य पदार्थ बिक्री ठेक्का | KMUN/IR/SQ/03/081/82 | ७,०३१.२५ | १७,३८,१२५/- | १,०००/- |
| २ | तिम्नाही बगर क्षेत्र वडा नं. १ को नदीजन्य पदार्थ बिक्री ठेक्का | KMUN/IR/SQ/04/081/82 | ४,०१७.८६ | ९,९३,२१५/- | १,०००/- |
| ३ | कमला खोला भुन्टेचौरी बगर क्षेत्र वडा नं २ को नदीजन्य पदार्थ बिक्री ठेक्का | KMUN/IR/SQ/05/081/82 | ३,२१४.२९ | ७,९४,५७३/- | १,०००/- |
| ४ | त्रिवेणी घाट मेला लाग्ने ठाउँ, खोक्सा आसपास, वडा नं. २ को नदीजन्य पदार्थ बिक्री ठेक्का | KMUN/IR/SQ/06/081/82 | ६,५६२.५० | १६,२२,२५०/- | १,०००/- |
| ५ | तावा ककुर दोभान पूर्व/स्मृति वाटिका दक्षिण, वडा नं. ३ को नदीजन्य पदार्थ बिक्री ठेक्का | KMUN/IR/SQ/07/081/82 | ५,६९३.३० | १४,०७,३८५/- | १,०००/- |
| ६ | हडैया खहरे दोभान, वडा नं. ३ को नदीजन्य पदार्थ बिक्री ठेक्का | KMUN/IR/SQ/08/081/82 | २,८६३.९३ | ७,०७,९६४/- | १,०००/- |
| ७ | तावा खोला, बरमझिया गाउँ, वडा नं. ५ को नदीजन्य पदार्थ बिक्री ठेक्का | KMUN/IR/SQ/09/081/82 | ६,९६४.२९ | १७,२१,५७३/- | १,०००/- |
| ८ | तावा खोला, कपूरबोटे बगर क्षेत्र, वडा नं. ७ को नदीजन्य पदार्थ बिक्री ठेक्का | KMUN/IR/SQ/10/081/82 | ४,८८१.४३ | १२,०६,६९०/- | १,०००/- |

शिलबन्दी दरभाउ पत्र खरिद गर्ने अन्तिम मिति: २०८१/०७/२६
शिलबन्दी दरभाउ पत्रदाताले शिलबन्दी दरभाउ पत्र पेश गर्नु पर्ने अन्तिम मिति: २०८१/०७/२६, दिनको १२:०० भित्र
शिलबन्दी दरभाउ पत्र खोल्ने मिति: २०८१/०७/२६, दिनको: १:००
शिलबन्दी दरभाउ पत्रको शुल्क: १,०००
धरौटी रकम: मु.अ.कर सहितको कुल कबोल अंकको ५% ले हुन आउने रकम वा ७५ दिनको बैंक जमानत
शिलबन्दी दरभाउ पत्र खरिदको लागि
बैंकको नाम: राष्ट्रिय वाणिज्य बैंक, कटारी शाखा
कार्यालयको नाम: कटारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कटारी
बैंक खाता नम्बर: २०५०१००३०१०१०००२ (शिलबन्दी दरभाउ पत्र खरिदको लागि)
राजस्व शीर्षक नम्बर: १४२२९
शिलबन्दी दरभाउ जमानतको लागि:
बैंक खाता नम्बर: २०५०१००३०३००००२
अफिस कोड: १३९३६५९११
थप जानकारीको लागि कटारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्नुहोला अथवा PPMO को *www.bolpatra.gov.np/egp* मा हेर्नुहोला ।

प्रमुख प्रशासकीय अधिकृत

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – १६६७०० | प्रति तोला – ० | प्रति तोला – २१३५ |



**लक्ष्मी कमाउन लक्ष्मीको मूर्ति** | धनुषाको विदेह नगरपालिका–६ तिनकौरिया चोकमा लक्ष्मी पूजामा बिक्रीका लागि मूर्ति तयार गर्दै मूर्तिकार । यहाँका मूर्तिकारहरूले लक्ष्मी पूजाको अवसरमा मूर्ति बनाएर आर्थिक उपार्जन गर्ने गर्दछन् । *तस्बिरः चन्द्रदेव साह/रासस*

**सरकारको सय दिन**

## दुई सय उद्योगमा ३४ अर्ब लगानीको प्रतिबद्धता

■ प्रभाव संवाददाता

**काठमाडौं–** वर्तमान सरकारले कार्यभार सम्हालेको एक सय दिनको अवधिमा दुई सय उद्योगका लागि करिब रु ३४ अर्ब बराबरको लगानीको प्रतिबद्धता गरिएको छ । सरकारको एक सय दिनको उपलब्धि सार्वजनिक गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले अर्थतन्त्रमा सुधारका सङ्केत देखापरेका बताए ।

प्रधानमन्त्री ओलीले निजी क्षेत्रकै मागबमोजिम अर्थतन्त्र सुदृढीकरणका लागि आर्थिक सुझाव आयोगजस्ता महत्वपूर्ण आयोगको गठनले व्यवसायीमा आत्मविश्वास पलाउँदै गएको बताए । उनले भने, 'अन्तर्राष्ट्रिय स्वतन्त्र विज्ञ संस्थाबाट नेपालको सार्वभौम साख मूल्याङ्कन (क्रेडिट रेटिङ) को कार्य अन्तिम चरणमा पुगेको छ । लामो समयदेखि गिरेको शेयरबजार प्राकृतिक विपत्तिको प्रतिकूलताका बीचमा पनि प्रगतिकै लयमा छ ।'

नेपालमा पेट्रोलियम पदार्थको सहज आपूर्ति र भण्डारण क्षमता अभिवृद्धिका लागि भारतको सिलिगुडीदेखि झापाको चारआलीसम्म तथा अमलेखगञ्जदेखि चितवनको लोथरसम्म पाइपलाइन विस्तार र टर्मिनल भवन निर्माण कार्य अगाडि बढाउन नेपाल आयल निगम र इन्डियन आयल कर्पोरेसनबीच सम्झौता सम्पन्न भएको प्रधानमन्त्री ओलीले बताए ।

वस्तु, सेवा र प्रक्रियाको गुणस्तरलाई सुनिश्चित गर्न, मापदण्डको आवश्यकतालाई ध्यानमा राख्दै नेपाल एक्रिडिटेसन सेन्टर सञ्चालनमा ल्याइएको उनले उल्लेख गरे । यस संस्थाले मुलुकभरका विभिन्न क्षेत्रका गुणस्तर निर्धारण गर्ने संस्थाको कार्यक्षमता, पारदर्शिता र प्रमाणिकताको मापन गर्ने जिम्मेवारी बहन गर्ने छ । चालु आर्थिक वर्षको असोज मसान्तसम्म सङ्घीय सरकारी खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा केही प्रतिशतले वृद्धि भई करिब ३२९ अर्ब रूपैयाँ पुगेको प्रधानमन्त्री ओलीले जानकारी दिए । कुल राजस्व परिचालन १३ दशमलव ३ प्रतिशतले वृद्धि भई करिब २४८ अर्ब रूपैयाँ पुगेको उनले बताए ।

## फूल बिक्रीस्थल तयार पार्दै काठमाडौं महानगर

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले तिहारमा ३५ बढी स्थानमा बिक्री स्थल तयार गरी फूल बिक्री गर्ने भएको छ । गत वर्षभन्दा यस वर्ष व्यवस्थितरूपमा फूल बिक्री गर्न कामपाले बिक्री स्थल तोकेर तयारी थालेको कामपा नगर प्रहरी प्रमुख राजुनाथ पाण्डेले जानकारी दिए । हाल ३५ व्यावसायिक भवन (मल) को अगाडि बिक्री स्थल बनाउने तयारी भइरहेको उनले बताए । प्रमुख पाण्डेकाअनुसार किसानले उत्पादन गरेको फूल काठमाडौं महानगरपालिमा रहेको 'सपिङ मल'को खाली स्थानमा बिक्री स्थल बनाउने तयारी गरिएको हो । त्यसका लागि मल सञ्चालकसँग छलफल भइसकेको कामपाले जनाएको छ । 'आगामी कात्तिक १४, १५, १६ र १७ गते कृषकले निःशुल्क रूपमा तोकिएका स्थानबाट फूल बिक्री गर्न पाउने छन्', प्रमुख पाण्डेले भने ।

फूल बिक्री स्थलमा नगर प्रहरीले समन्वय गर्ने कामपाले जनाएको छ । यस वर्षको तिहारका लागि बजारमा ४० लाख सयपत्री फूलको मालाको माग रहेको पुष्प व्यवसायीको भनाइ छ । फ्लोरिकल्चर एसोसिएसनकाअनुसार यस वर्ष स्वदेशी उत्पादन २५ लाख माला मात्र छ । बाँकी माला भारतबाट आयात गर्न लागिएको छ ।

नेपालमा विसं २००७ देखि सुरु भएको पुष्प व्यवसाय सहरीकरणको विकास तथा विस्तारसँगै फस्टाउँदो छ । उपत्यकाको तीन जिल्लासहित कास्की, चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक, गुल्मी, पाल्पा, धादिङ, मोरङलगायत ५२ वटा जिल्लामा पुष्प खेती विस्तार भएका छन्। व्यावसायिक रूपमा चार सय ५० प्रजातिका फूल उत्पादन हुँदै आएको छ । यस व्यवसायबाट ४४ हजार बढी व्यक्तिले लाभ लिएका छन् । मुलुकभित्र दुई सय २१ हेक्टर क्षेत्रफलमा एक हजार एक सय ८४ व्यवसायीले पुष्पखेती गरेका छन् ।

## सुक्खा बन्दरगाह निर्माण काम छिट्टै अघि बढ्छ : *उद्योगमन्त्री भण्डारी*

■ प्रभाव संवाददाता

**दोधारा चाँदनी–** उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले दोधारा चाँदनीमा सुक्खा बन्दरगाह निर्माणको काम छिट्टै अघि बढ्ने बताएका छन् ।

दोधारा चाँदनीस्थित प्रस्तावित दोधारा चाँदनी सुक्खा बन्दरगाह निर्माणस्थलको निरीक्षण गर्दै उनले मन्त्रिपरिषद्को बैठकले शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने मायापुरी सामुदायिक वनको जग्गा सुक्खा बन्दरगाहका लागि प्रयोग गर्न दिने निर्णय गरिसकेकाले अबको केहि महिनाभित्रै निमार्णको काम सुरु गरिने बताए ।

'मन्त्रिपरिषद्को बैठकले निर्णय गरिसकेको छ, अन्य प्रक्रिया सुरु गरेर छिट्टै निमार्णको काम थालनी हुनेछ', मन्त्री भण्डारीले भने, 'छिमेकी मुलुक भारतको आर्थिक र प्राविधिक सहयोगमा चाँडै सम्पन्न गर्ने गरि सरकारले उच्च प्राथमिकतामा राखेको छ ।' उनले भारत सरकारले पनि चाँडो सम्पन्न गर्ने गरि चासो राखेकाले छिट्टै निर्माण सम्पन्न हुने बताए ।

'सरकारले बझाङसँग जोडिएको ताक्लाकोट नाका र दार्चुलासँग जोडिएको तिंकर नाका खोल्ने तयारी गरेको छ', उनले भने, 'यी नाका खुल्ने बित्तिकै सुदूरपश्चिम मात्रै नभइ सिङ्गो देशले आर्थिक फड्को मार्ने छ ।' उनले सो नाका सञ्चालनमा आए मुलुकको सबैभन्दा छोटो नाका बन्ने बताए ।

सुक्खा बन्दरगाह निर्माणका लागि शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने मायापुरी सामुदायिक वनको ४२ दशमलव ३६ हेक्टर जमिन सुक्खा बन्दरगाहका लागि प्रयोग गर्न दिने निर्णय भएपछि बन्दरगाह निर्माण प्रक्रिया सुरु भएको नेपाल इन्टरमोडल यातायात विकास समितिका कार्यकारी निर्देशक आशिष गजुरेलले बताए ।

उनका अनुसार सुक्खा बन्दरगाह निर्माण हुने जमिनको सट्टाभर्ना शुक्लाफाँटा राष्ट्रिय निकुञ्जलाई दिनुपर्ने हुन्छ । 'उक्त जग्गा सट्टाभर्ना वा सो जग्गा बराबरको मुल्य हामीले शुक्लाफाँटा राष्ट्रिय निकुञ्जलाई दिनुपर्ने हुन्छ', उनले भने, 'त्यसपछि निकुञ्ज कार्यालयले रुख कटानको आदेश दिन्छ ।' उनका अनुसार बन्दरगाह निर्माण हुने मायापुरी सामुदायिक वनमा एक हजार ७०२ रुख काटिने छन् ।

'हामीले प्रक्रिया अघि बढाइसकेका छौँ, शतप्रतिशत निर्माण हुनेमा ढुक्क छौँ', मन्त्री भण्डारीले भने, 'डिपीआरअनुसार करिब रु छ अर्ब लागतमा बन्दरगाह बन्नेछ ।' बन्दरगाहमा दुई गोदाम भवन, भन्सार जाँच भवन, क्वारेन्टाइन भवन, इमिग्रेसन भवन, सुरक्षा भवनलगायतका पूर्वाधार निमार्ण हुने उनले बताए ।

## 'जोखिम पूर्वानुमान गर्न क्रेडिट रेटिङ'

■ प्रभाव संवाददाता

**वीरगञ्ज–** लगानीकर्ता र ऋणीका लागि 'क्रेडिट रेटिङ' गरी व्यवसाय तथा उद्यमशीलतामा लगानी गर्दा सम्भावित जोखिमबारे पूर्वानुमान गर्न सकिने सरोकारवालाले बताएका छन् ।

इन्फोमेरिक्स क्रेडिट रेटिङ नेपाल लिमिटेड र वीरगञ्ज उद्योग वाणिज्य सङ्घले आयोजना गरेको 'लगानीकर्ता शिक्षा तथा सचेतना कार्यक्रम'का सहभागीले 'क्रेडिट रेटिङ' गरेर लगानी गर्दा सम्भावित जोखिमबारे केही हदसम्म पूर्वानुमान गर्न सकिने बताएका हुन् ।



इन्फोमेरिक्स क्रेडिट रेटिङ नेपाल लिमिटेडका क्रेडिट रेटिङ विश्लेषक समिज्ञा आचार्यले रु ५० करोडभन्दा बढी पुँजी भएका कम्पनीको क्रेडिट रेटिङ अनिवार्य रहेको बताए । 'कम्पनीको क्रेडिट रेटिङ गर्नाले कम्पनीको वित्तीय र सञ्चालनको अवस्थाबारे जानकारी प्राप्त गर्न सकिन्छ', उनले भने, 'कम्पनी ऋण तिर्न सक्ने अवस्थामा छ कि छैन । सो कम्पनीमा लगानी गरेर प्रतिफल प्राप्त गर्न सकिन्छ कि सकिँदैन भन्ने जानकारी पाउन सकिन्छ । यद्यपि क्रेडिट रेटिङले वित्तीय र अन्य अवस्थालाई चित्रित मात्रै गर्ने हो । लगानी गर्न हुने वा नहुने भन्ने सुझाव दिँदैन ।'

वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिलकुमार अग्रवालले क्रेडिट रेटिङलाई समयसापेक्ष र भरपर्दो बनाउँदै लैजाउनुपर्ने सुझाव दिए । 'क्रेडिट रेटिङलाई जतिसक्दो भरपर्दो बनाएर लैजानु अहिलेको आवश्यकता हो', उनले भने, 'ऋणी र लगानीकर्ता दुवैका लागि जोखिम पूर्वानुमान गर्न यो उपयुक्त विकल्प हो ।'

क्रेडिट रेटिङ भन्नाले निष्कासनकर्ताको धितोपत्र, कुनै व्यक्ति वा सङ्गठित संस्थाको साखको गुणस्तर सम्बन्धमा मूल्याङ्कन गर्ने तथा राय प्रकट गर्ने प्रक्रियालाई बुझिन्छ । कुनै सङ्गठित संस्थाले धितोपत्र सार्वजनिक निष्कासन गर्नुपूर्व क्रेडिट रेटिङ गराएर मात्र निष्कासन गर्नुपर्ने व्यवस्था छ ।

हाल रु ५० करोड वा सोभन्दा बढीको कर्जा उपयोग गर्ने ऋणीको क्रेडिट रेटिङ गर्नुपर्ने व्यवस्था छ । राष्ट्र बैंकले जारी गरेको एकीकृत निर्देशन, २०८० संशोधन गर्दै निर्माण कम्पनीलाई प्रवाह हुने कर्जामा पनि क्रेडिट रेटिङ गर्नुपर्ने व्यवस्था लागु गरेको छ ।

नेपाल धितोपत्र बोर्डले क्रेडिट रेटिङ गर्ने कम्पनीको नियमनकारी निकायको रूपमा काम गर्दै आइरहेको छ । क्रेडिट रेटिङ विश्लेषक उत्सवविक्रम मल्लले क्रेडिट रेटिङ सामान्यतया एक वर्षमा एक पटक गराउँदा कम्पनीको वित्तीय र सञ्चालनको यथार्थचित्र प्रस्तुत गर्न सकिने बताए ।

## ग्लोबल आइएमई र आइसिआइसिआई बैंक क्यानाडाबीच सम्झौता

**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेड र आईसीआईसीआई बैंक क्यानाडा बीच विभिन्न बैंकिङ्ग सेवासम्बन्धी सहकार्यका लागि समझदारी पत्रमा हस्ताक्षर भएको छ ।




यससम्बन्धी सम्झौतामा ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृति सुरेन्द्रराज रेग्मी र आईसीआईसीआई बैंक क्यानाडाका व्यवसाय प्रमुख हिमादर मड्ीपल्लाले हस्ताक्षर गरेका छन् । यो सम्झौता भएसँगै नेपालबाट अध्ययनका लागी क्यानाडा जाने विद्यार्थी, स्थायीरूपमा क्यानाडा बसाई सरी जाने आप्रवासी, तथा फेडरल स्किल्ड वर्करहरूले आईसीआईसीआई बैंक क्यानाडाको बिभिन्न बैंकिङ्ग सेवा उपभोग गर्न तथा क्यानाडाबाट नेपालमा रेमिट्यान्स पठाउन/प्राप्त गर्न सहज हुनेछ ।

ग्लोबल आइएमई बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५४ शाखा कार्यालय, ३८४ एटिएम, २५५ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,००० भन्दा बढि सेवा केन्द्र रहेका छन् ।

ग्लोबल आइएमई बैंकलाई सबैंका लागि बैंक बनाउँदै बैंकले विभिन्न सेवा तथा सुविधा सहितका योजना मार्फत आफ्ना ४७ लाख भन्दा बढी ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गरी लावान्भित गरिरहेको छ । त्यसैगरी बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानाडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको छ ।

आईसीआईसीआई बैंक क्यानाडामा भारतको निजी क्षेत्रको अग्रणी बैंक आईसीआईसीआई बैंक लिमिटेडको पूर्ण स्वामित्व रहेको सहायक कम्पनी हो । आईसीआईसीआई बैंक क्यानाडाले क्यानाडा बैंकिङ्ग ऐन अन्तर्गत त्यहाँका धेरैजसो राज्य र क्षेत्रहरूमा प्रत्यक्ष सेवा प्रदायकका रूपमा कारेबार गर्दै आइरहेको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ